# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ३ | काठमाडौं | बुधबार, १३ वैशाख २०८० | Prabhab National Daily | Wednesday, April 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## रविको 'कमब्याक', एकको बदला दुई !






- उपनिर्वाचनमा जाँदै गर्दा रास्वपाले नारा नै बनाएको थियो- एकको बदला तीन
- रमेश खरेल धेरै पछि पर्दा रास्वपा बारामा भने नारामा भने झैं हुन सकेन
- मंसिरमा छाएका राजेन्द्र लिङ्देनको दल राप्रपालाई तनहुँमा २१८ र चितवनमा ३७५ मत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नागरिकता मुद्दामा दोषी ठहरपछि पुनः चुनावी मैदानमा उत्रेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले 'सानदार' कमब्याक गरेका छन् । मंगलबार सार्वजनिक अन्तिम मतपरिणामअनुसार गठबन्धनबाट उम्मेदवार रहेका कांग्रेसका जीतनारायण श्रेष्ठलाई भारी मतान्तरले पराजित गर्दै उनले पुनः संसद्को यात्रा तय गरेका हुन् ।

लामिछानेले ५४ हजार १७६ मत प्राप्त गरे । कांग्रेसका जीतनारायणले ११ हजार २१४ मत प्राप्त गरे । यस्तै नेकपा एमालेका रामप्रसाद न्यौपानेले १० हजार ९३६ मत प्राप्त गरे । राप्रपाका जीवलाल पुरीले ३७५ मत प्राप्त गरे ।

चितवन-२ मा ७८ हजार ६६४ मत खसेकोमा एक हजार १९८ बदर भयो । कूल एक लाख २४ हजार ६९५ मतदाता रहेका यस क्षेत्रमा गत मंसिरमा लामिछानेले ४९ हजार २६४ मत प्राप्त गरेका थिए । गठबन्धनबाट उम्मेदवार रहेका नेपाली कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८३, एमालेका कृष्णभक्त पोखरेलले १४ हजार ६४७ र राप्रपाका रवीन अधिकारीले ९५५ मत प्राप्त गरेका थिए ।

उपनिर्वाचनमा जाँदै गर्दा रास्वपाले नारा नै बनाएको थियो- एकको बदला तीन । तीन क्षेत्रमा उपनिर्वाचन हुँदै गर्दा रास्वपाको अर्को नारा थियो- जनताको ह्वीप, रास्वपाको क्लिन स्विप । यो समाचार तयार पार्दासम्म बारा-२ मा रास्वपाका उम्मेदवार रमेश खरेल निकै पछि परेका छन् । यहाँ गठबन्धनबाट उम्मेदवार रहेका जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले अग्रता कायम गरेका छन् ।

यद्यपि रास्वपाले एकको बदला दुई भने पक्का गर्‍यो यो निर्वाचनमा । उपनिर्वाचनमा लामिछानेले तनहुँमा उभ्याएका डा. स्वर्णिम वाग्लेले पनि सानदार जित निकालेका छन् । २४ दिनअघि कांग्रेस छाडेका स्वर्णिमले कांग्रेसकै गोविन्द भट्टराईलाई हराएका हुन् । (**बाँकी पृष्ठ २ मा**)

# जनपरीक्षणमा रास्वपा




- वि.सं. २०१५ यता चारपटक कांग्रेसको परीक्षण
- २०५१ मा एमाले, २०६४ मा माओवादी र २०७४ मा बाम गठबन्धनलाई मत
- पछिल्लो निर्वाचनबाट परीक्षणको दायरामा रास्वपा

चितवन–२ मा आइतबार भएको उपनिर्वाचनमा मतदानका लागि नारायणी नमूना मावि मतदानस्थलमा लामबद्ध मतदाता । *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** साढे छ दशकमा पटक-पटक संसदीय निर्वाचन भए । निर्वाचनमार्फत मतदाताले अभिमत व्यक्त गरेर नयाँ दललाई लगातारजस्तै छान्दै छन् । यही क्रममा यसपटक मतदाताको छनोटमा पर्‍यो- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ।

प्रतिनिधिसभा उपनिर्वाचन भएका चितवन-२ मा उक्त दलका उम्मेदवार रवि लामिछाने र तनहुँ-१ मा सोही दलका उम्मेदवार डा. स्वर्णिम वाग्ले भारी मतान्तरले निर्वाचित भए । निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको मतपरिणामलाई आधार मान्दा रवि त आमनिर्वाचनमा भन्दा उपनिर्वाचनमा अझै लोकप्रिय देखिए । उनको चुनावी नारा 'एकको बदला तीन' थियो । त्यस्तो त भएन । तर, प्रतिनिधिसभामा थप एक सिट थप्न सफल भए ।

राजनीतिशास्त्री प्रा.डा. महेन्द्रसुन्दर लावतीको शब्दमा भन्दा अहिले रास्वपाको 'ह्वीम' चलेको छ । उनका अनुसार यस्तो ह्वीम राजनीतिक तरलता भएको बेला चल्छ ।

उसो त ६५ वर्षअघि (वि.सं. २०१५ मा) भएको पहिलो संसदीय निर्वाचनमा हाल रवि नेतृत्वको दल रास्वपालाई मत गए जसरी नेपाली कांग्रेसलाई गयो । जहानीय निरंकुश राणाशासन ढाल्दै देशमा प्रजातन्त्रको बिहानी ल्याउने कांग्रेसप्रति जनताको विश्वास यति देखियो कि नेपालको इतिहासमै पहिलोपटक दुई तिहाइ मत कांग्रेसले पायो । १ पुस २०१७ मा राजा महेन्द्रले विश्वेश्वरप्रसाद कोइराला नेतृत्वको कांग्रेस सरकारलाई अपदस्थ गरिदिए ।

राजनीतिशास्त्रीहरूका अनुसार त्यसबेला वास्तविक रूपमा कांग्रेस सरकारको परीक्षण हुनै पाएन । दुई तिहाइको दुर्लभ चुनावी नतिजा त आमनिर्वाचन र उपनिर्वाचनबाट रविको दलले भने प्राप्त गरेन । तर, दुवै निर्वाचनबाट जनमत बटुल्न सफल भएको छ ।

रविले मंगलबार विजय जुलुसमा हौसिँदै भनेका पनि छन्, 'यो त जनाउ घण्टी हो । चार वर्षपछि एकल बहुमतको सरकार बनाउँछौं ।'

रविको यो महत्त्वकांक्षी सपनासहितको दाबी सिद्ध होला कि नहोला ? २०८४ मा हुने आमनिर्वाचनको प्रतीक्षा गर्नुपर्छ । तर, कांग्रेस, एमाले र माओवादीजस्ता ठूला दलप्रतिको वितृष्णाको लाभ भने रवि नेतृत्वको दल रास्वपालाई पुगेको विश्लेषण हुँदै आएको छ । यस्तो लाभ दिगो भने नहुने विगतको अनुभव छ ।

किनभने २०१५ पछि दोस्रोपटक २०४८ सालमा भएको संसदीय निर्वाचनमा कांग्रेसलाई दुई तिहाइ बहुमत प्राप्त भएन । बहुमत चाहिँ प्राप्त भयो ।

निर्वाचन आयोगले प्रकाशन गरेको नेपालको निर्वाचन इतिहासमा उल्लेख भएको विवरणअनुसार २०५ सिटमध्ये ११० सिट कांग्रेसले जितेको थियो । जनताले कांग्रेसलाई दोस्रोपटक परीक्षण गरे । तर, यो संसद्मा कांग्रेस आन्तरिक मतभेदले थिलथिलो भयो । पुराना कांग्रेस नेता तथा लेखक कृष्णविक्रम नेम्बाङ परिणामतः संसद् विघटन नै भएको बताउँछन् ।

यसपछि २०५१ मा भएको मध्यावधि निर्वाचनमा कांग्रेसलाई जनताले विश्वास गरेनन् । बरु, पहिलोपटक एमालेलाई जनताले विश्वास गरे । उक्त निर्वाचनमा ८८ सिटसहित एमाले पहिलो बन्यो ।

महासचिव मनमोहन अधिकारी नेतृत्वमा पहिलो कम्युनिस्ट सरकार नै बन्यो । अधिकारीकै सरकारले देशमा सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो । तर, यो दल पनि पार्टीको आन्तरिक द्वन्द्वमा फस्यो । २०५४ सालमा दल नै विभाजन भयो । २०५६ को आमनिर्वाचनमा यो दलप्रतिको जनताको विश्वास टुट्यो । एमाले नेता विशाल भट्टराईका अनुसार 'विभाजनलाई जनताले स्वीकारेनन् ।'

उक्त निर्वाचनबाट कांग्रेस फेरि शक्तिशाली बन्यो । १११ सिटसहित स्पष्ट बहुमत कांग्रेसलाई प्राप्त (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'अन्तर्राष्ट्रिय श्रमबजारको पहिचान गर्न जरूरी भइसक्यो'

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले अन्तर्राष्ट्रिय श्रमबजारको पहिचान गर्न जरुरी भइसकेको बताएका छन् । उनले नेपाली श्रमिकहरू वैदेशिक रोजगारीमा जानु कुनै नौलो घटना नभए पनि ग्लोबल मार्केटको अवस्था पहिचान गर्न जरुरी रहेको बताएका हुन् ।

वैदेशिक रोजगार पत्रकार समाजको नेतृत्वमा गएको पत्रकारको टोलीसँग सोमबार मन्त्रालयमा भएको छलफलमा मन्त्री भण्डारीले नेपाली श्रमिकहरू विदेशमा गएर काम गरिरहे पनि त्यहाँको बजारबारे अध्ययन नभएको बताए । 'बजारको मागअनुसार कुन-कुन क्षेत्रमा कस्ता श्रमिकको माग छ ? छुट्याएर आपूर्ति गर्नुपर्ने अवस्था छ,' मन्त्री भण्डारीले भने । वैदेशिक रोजगारीका लागि नेपालबाट श्रमिक पठाउने म्यानपावर कम्पनीहरू फेसिलेटेटर (सहजकर्ता) भएको भन्दै उनले यसको नामाकरण सही नभएको बताए । 'यो म्यानपावर भन्ने शब्द नै ठीक छैन,' उनले भने, 'यसलाई जब प्लेसमेन्ट एजेन्सी भन्नुपर्‍यो, यसको काम श्रमिकलाई रोजगारदातासम्म पुर्‍याउने हुन्छ ।'

मन्त्री भण्डारीले श्रम मन्त्रालयको नेतृत्व सम्हालेदेखि नै सरकारले व्यवसाय गर्ने नभई सहजीकरण गर्ने हो भन्दै आएका छन् । उनले यसपटक पनि सोही कुरा दोहोर्‍याए । 'सरकारले सहजीकरण गर्छ, व्यवसायीले व्यवसाय सञ्चालन गर्नुपर्छ, तर व्यवसाय सञ्चालन गर्दा शुद्ध, सफा र पारदर्शी हुनुपर्छ,' उनले भने । एउटा सेवाग्राही वैदेशिक रोजगारीमा जान खोज्दा विचौलियाको साहारा लिनुपर्ने अवस्था दुःखद भएको उनले बताए । 'एउटा व्यक्ति सिधै व्यवसायीसम्म पुग्नै सक्दैन, मधेसमा एउटा भाषा प्रयोग हुन्छ अर्जेन्ट (एजेन्ट), कसैले सोधे 'अर्जेन्ट केइलगइल' भनिन्छ, मधेसबाट रोजगारीका लागि जाने श्रमिकलाई म्यानपावर व्यवसाय पनि थाहा छैन, कम्पनी पनि थाहा छैन, हरेक गाउँगाउँमा अर्जेन्ट छ, एकपछि अर्को गर्दै व्यवसायीसम्म पुग्दा पाँच जना अर्जेन्ट पार गर्नुपर्ने अवस्था छ, यसरी ठगीमा परिरहेका छन्,' मन्त्री भण्डारीले भने ।

श्रमिकलाई रिक्रुटिङ पोइन्टदेखि गन्तव्यसम्म पुर्‍याउँदा हुने चक्रलाई तोड्नु सरकारको मात्र नभएर सरोकारवाला सबैको दायित्व भएको मन्त्री भण्डारीले बताए । 'यसलाई सरकारले पहिलो प्रथमिकतामा राखेको छ र ठगी तथा विचौलियामुक्त बनाउन र दक्ष जनशक्ति निर्माण गर्न एकद्वार नीतिअन्तर्गत सबै ७५३ पालिकामार्फत सेवा प्रवाह गर्ने नीतिगत व्यवस्था भइसकेको छ, यसमा मन्त्रालयअन्तर्गत एउटा टास्कफोर्सले काम गरिरहेको छ,' उनले भने ।

मन्त्री भण्डारीले श्रम मन्त्रालयको काम झट्ट हेर्दा वैदेशिक रोजगारीका लागिमात्र सक्रिय हो कि जस्तो देखिए पनि अन्तरिक रोजगारीका सवालमा पनि उत्तिकै काम गरिरहेको बताए ।

## क्यानडा र सिंगापुर पठाउने नाममा ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि क्यानडा र सिंगापुर पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । ती मुलुकमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितबाट रकम संकलन गरी फरार रहेको आरोपमा विपना कुँवर र ओमनाथ मैनालीलाई प्रहरीले पक्राउ गरेको हो ।

पोखरा स्थायी घर भई हाल गोकर्णेश्वर-५ बस्ने ३४ वर्षीया कुँवरले सुनिता गोतामेलाई क्यानडामा वेटरको काम लगाइदिन्छु भन्दै नौ लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितलाई क्यानडामा वेटर काममा लगाइदिने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । कुँवरलाई गोकर्णेश्वरस्थित, जम्बुडाँडाबाट पक्राउ गरेको प्रहरीले उल्लेख गरेको छ ।

त्यस्तै झापा अर्जुनधारा स्थायी घर भई हाल काठमाडौं नयाँ बसपार्क बस्ने ४१ वर्षीया मैनालीले रोजगारीका लागि सिंगापुरको एक प्रतिष्ठित होटलमा काम लगाइदिन्छु भनी मीनबहादुर रानासँग पटक-पटक गरी छ लाख ५० हजार रूपैयाँ लिएर फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनले पीडितलाई विश्वास दिलाई रोजगारीको प्रलोभनमा पारी पैसा लिएर सम्पर्कविहीन अवस्थामा पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ । मैनाली सोमबार बबरमहलबाट पक्राउ परेको हुन् ।

उनीहरू दुवै जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितबाट पटक-पटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभागले काठमाडौं पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । पक्राउ परेकाहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले बताए ।

कांग्रेसको नजर प्रदेश सरकारमा

## लुम्बिनीमा चौधरीको सम्भावना, गण्डकीमा कसको ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गण्डकी प्रदेशमा सरकार गठनका लागि आह्वान भएको छ । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले संविधानको धारा १६८ को उपधारा २ अनुसार बिहीबारसम्ममा सरकार गठनका लागि आह्वान गरेका हुन् ।

यसैगरी लुम्बिनी प्रदेशमा पनि नयाँ सरकार गठनका लागि आह्वान भएको छ । प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा २ अनुसार प्रदेश सरकार गठनका लागि आह्वान गरेका हुन् ।




- गण्डकीमा कांग्रेस र माओवादी दुबैले नेतृत्वमा दाबी गर्ने तयारी
- फेरबदल नआए लुम्बिनीमा कांग्रेसका डिल्ली चौधरी मुख्यमन्त्री बन्ने

**गण्डकीमा कसको बन्ला सरकार ?**

गण्डकीमा शनिबार एमाले नेता खगराज अधिकारीको नेतृत्वमा रहेको सरकार ढल्यो । आफ्नो सरकार जोगाउन भन्दै उनले विश्वासको मत माग्दा पक्षमा २४ मतमात्र पर्‍यो । विपक्षमा ३५ मत पर्दा खगराजको सरकार ढलेको हो । यसअघि माओवादीले सत्ता छाडेपछि खगराज अल्पमतमा परेका थिए ।

सभामुख कृष्ण धितालबाहेक ५९ जना प्रदेशसभा सदस्य रहेको प्रदेशसभामा अधिकारीको पक्षमा एमालेका २२ र राप्रपाका दुई गरी २४ जनाले मत दिएका हुन् । कांग्रेसका २७, माओवादीका सात र स्वतन्त्र एक गरी ३५ प्रदेशसभा सदस्यले विपक्षीमा दस्तखत गरेका थिए ।

अब संविधानको धारा १६८ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको सहमतिमा मिलिजुली सरकार बन्ने भएसँगै ठूलो दलको नेताको हैसियतमा कांग्रेस संसदीय दलका नेतालाई सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री बन्ने बाटो खुला भएको छ । यद्यपि, माओवादीका प्रदेशसभा संसदीय दलका नेता हरिबहादुर चुमानले पनि मुख्यमन्त्रीमा दाबी गरेका छन् ।

**लुम्बिनीमा कांग्रेसका चौधरीको सम्भावना**

लुम्बिनी प्रदेशमा नेपाली कांग्रेस लुम्बिनीका संसदीय दलका नेता डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्री बन्ने बाटो खुला भएको छ । प्रदेश प्रमुख शेरचनले संविधानको धारा १६८ (२) अनुसार मुख्यमन्त्रीमा दाबी गर्न आह्वान गरेसँग चौधरी मुख्यमन्त्री बन्ने बाटो खुलेको हो ।

आइतबार नै नेपाली कांग्रेस र माओवादी केन्द्रसहित आठ दल र एक स्वतन्त्र गरी ५३ सांसदले कांग्रेस संसदीय दलका नेता चौधरीलाई मुख्यमन्त्री नियुक्त गर्न निवेदन पेस गरिसकेका छन् । एमालेले मुख्यमन्त्रीले राजीनामा नदिएकाले ठूलो दलको हैसियतमा १६८ (३) अनुसार सरकार गठन हुनुपर्ने जिकिर गर्दै दाबी पेस गरेपछि शेरचनले पुनः अर्को आवेदन मागेका हुन् । (**बाँकी पृष्ठ २ मा**)



**भूकम्पका तस्बिर अवलोकन**

नेपाल रेडक्रस सोसाइटी मध्यपुर थिमि उपशाखाको आयोजनामा २०७२ वैशाख १२ गतेको स्मरणमा भूकम्पसम्बन्धी जनचेतना जगाउन प्रदर्शित २०७२ सालको भूकम्पका तस्बिर अवलोकन गर्दै स्थानीयवासी ।
*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# कामपाका विद्यालयमा सुरू भयो सीपमूलक शिक्षा कार्यक्रम

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले यही शैक्षिक सत्रदेखि सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९ देखि १२ सम्म सीपमूलक कार्यक्रम थालनी गरेको छ ।

पाठ्यपुस्तकबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानसँगै जीवन उपयोगी, सीपमूलक तथा व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यसहीत आजबाट उक्त कार्यक्रमको थालनी गरेको हो ।

विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा प्राविधिक क्षेत्रमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्न कार्यक्रम थालनी गरिएको कामपाका प्रमुख बालेन्द्र साहले बताए । कार्यक्रमका चालु आर्थिक वर्षका लागि एक लाख रूपैयाँ विनियोजन गरिएको थियो भने आगामी आर्थिक वर्षका लागि प्रत्येक विद्यालय दुई लाख रूपैयाँका दरले बजेट बिनियोजन गरिएको उनको भनाइ छ ।

कार्यक्रमअन्तर्गत ९० घण्टे तालिमका लागि कृषि तथा सहरी खेती, सौन्दर्य कला र कपाल शैली, काष्ठकला नङ कुँदेर बेलबुट्टा भर्ने काम, पाक कलालगायत १० वटा क्षेत्र निर्धारण गरिएका छन् । फेसन डिजाइन र कपडा निर्माण, घरमा तार र बिजुली जडान वायरिङ एण्ड इलेक्ट्रिकल, विपद् पूर्वतयारीका लागि भवन निर्माणको रैथाने परम्परागत कला, मोबाइल र विद्युतीय सामान, पाइप जडान तथा मर्मत, कला र मूर्तिकला विधालाई पाठ्यक्रममा समावेश गरिएको छ ।

हाल ११ वटा सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धारतर्फका विषय पठनपाठन भइरहेका छन । विद्यालय तह पूरा गर्दा विद्यार्थीले शैक्षिक प्रमाणपत्रसँगै रुचि अनुसारको जीवनमा उपयोगी सीपको प्रमाणपत्र पनि प्राप्त गर्ने काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

तालिमको एक समूहमा २० जनादेखि ३० जनासम्म विद्यार्थी राखिनेछ । कार्यक्रमको पहिलो वर्ष शैक्षिक सत्र २०८० मा कक्षा ९ का लागि नमूना कार्यक्रम लागू गरिनेछ । यसका लागि विद्यालयलाई अनुदान रकम उपलब्ध गराइनेछ । सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेर मान्यता प्राप्त संस्था र निकायबाट प्रशिक्षण प्रशिक्षक तालिम लिएका व्यक्ति तालिमका प्रशिक्षक हुनसक्ने बताइएको छ ।

दक्ष जनशक्ति उत्पादन गर्न कामपाले ११औं नगरसभाबाट बाल शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालाई थप जीवनोपयोगी र व्यावसायिक बनाउँदै लैजाने नीति लिएको छ । अहिले महानगरमा ८९ वटा सामुदायिक विद्यालय छन् । त्यसमा ५९ माध्यमिक विद्यालय र ३० प्राथमिक विद्यालय छन् । त्यसैगरी ५४० निजी विद्यालयमा एक लाख ५० हजार विद्यार्थी अध्ययनरत छन् ।

# चार वर्षदेखि रोकियो बागमती तीर्थयात्रा

**काठमाडौं**– काठमाडौं उपत्यकाको सभ्यताको स्रोतका रूपमा रहेको बागमती नदीको महत्त्व जनमानसमा उजागर गर्दै यसको पवित्रताका बारेमा चेतना जगाउन प्राचीनकालदेखि हुँदै आएको बागमती तीर्थयात्रा चार वर्षदेखि हुन सकेको छैन ।

प्रत्येक वर्ष वैशाख शुक्लपक्षमा गरिने बागमती तीर्थयात्रा यस वर्ष पनि नहुने भएको हो । आव २०७७/७८ मा कोरोना संक्रमण तीव्र भएकाले यात्रा स्थगित गरिएको थियो । गत वर्ष २०७९ सालमा पनि तीर्थ गुरु बिरामी भएको भन्दै बागमती तीर्थयात्रा स्थागित गरिएको थियो ।

प्रत्येक वर्ष वैशाख शुक्लपक्षमा गरिने यो यात्रा तीर्थ गुरुका रूपमा रहेका आगमघरका भट्टको स्वास्थ्य अवस्था बिग्रिएकाले गरिएको थिएन । पशुपति क्षेत्र विकास कोषले गत वर्ष पनि उनको स्वास्थ्य अवस्था सुध्रिएमा जात्रा चलाउन सकिने जनाएको थियो । गत वर्ष वैशाख शुक्ल पक्षभर उनको स्वास्थ्य अवस्थामा सुधार आउन नसकेकाले जात्रा हुन नसकेको हो ।

यस वर्ष पनि उनको स्वास्थ्य अवस्था नसुध्रिएकाले जात्रा गर्न नसकिएको कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिए । तीर्थयात्राको नेतृत्व गर्ने पशुपतिनाथको आगमघरका भट्ट मदन भट्ट गत वर्षदेखि नै बिरामी परेको कोषले जनाएको छ । यात्राका क्रममा मसान सिद्धिको दीक्षा अरुलाई नदिइएकाले यस वर्ष पनि यात्रा स्थागित गर्नुपरेको कोषका कर्मचारीसमेत रही हाल पशुपति क्षेत्रका जात्राका बारेमा विद्यावारिधि शोध गरिरहेका वरुण खतिवडाले जानकारी दिए ।

आगमघरका पूजारी मदन भट्टले छोरा महेश भट्टलाई अरु दीक्षा दिए पनि मसान सिद्धिको दीक्षा दिन बाँकी रहेको जनाइएको छ । 'ने' मुनिले सुरु गरेको विश्वास गरिने बागमती तीर्थयात्रा बागमती प्रदूषित हुन थालेपछि २०३५ देखि २०७४ सम्म बन्द भएको थियो । कोषका तत्कालीन सदस्यसचिव डा प्रदीप ढकालको विशेष पहलमा वि.सं. २०७५ देखि तीर्थयात्रा पुनः सुरु भएको हो । करिब ४० वर्षपछि २०७५ सालमा सुरु भएर दुई वर्ष चलेको बागमती तीर्थयात्रा नभएको चार वर्ष भइसकेको छ ।

तीर्थयात्राका क्रममा कटुवाल दहबाट बागद्वारसम्मका १६७ तीर्थस्थलमा स्नान, पूजा, आरती, दर्शन, तान्त्रिक साधना, बागमती माहात्म्य वाचनलगायत कर्म गरिन्छ । यस्तो यात्राले बागमतीको शुद्धीकरणका लागि पनि सहयोग गर्ने विश्वास गरिन्छ । ४० वर्षपछि यात्रा सुरु गर्दा नदीलाई सफा बनाउन जागरण फैलाउने उद्देश्यसमेत राखिएको थियो । मसान सिद्धिको दीक्षा अरुलाई नदिएकाले अहिले यात्रा गर्न नसकिएको कोष सञ्चालक परिषद्का सदस्य एवं धार्मिक कार्यक्रम जात्रा, पर्व मेला एवं स्थानीय सरोकार अनुगमन उपसमितिका संयोजक संहिताशास्त्री अर्जुनप्रसाद बाँस्तोला बताउँछन् । अर्को वर्षका लागि भने दीक्षालगायत प्राविधिक समस्या नआउनेगरी अहिलेदेखि नै तयारी गरिने प्रतिबद्धता पनि उनले जनाए ।

कोषअन्तर्गतका रैरकमीको पदपूर्ति गर्नुपर्ने कारणले पनि बागमती तीर्थयात्रा रोकिएको जनाइएको छ । कोषमा हाल २० जना रैरकमीको पदपूर्ति गर्नुपर्ने छ । यसका लागि परिषद् सदस्य बाँस्तोलाको संयोजकत्वमा समिति गठन भई काम भइरहेको जनाइएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अध्यक्ष रहेको कोष सञ्चालक परिषद्को आगामी बैठकले यससम्बन्धी निर्णय गर्ने अपेक्षा गरिएको छ ।

पशुपति क्षेत्रमा सनातनदेखि सञ्चालन हुँदै आएका केही जात्रा, पर्व एवं धार्मिक कृत्य बन्द भएकामा त्यसको पुनःस्थापनाका लागि पनि संस्कृति संरक्षण महाशाखाले काम गर्ने जानकारी गराइएको छ । कोषको पहलमा २०५८ देखि हुन नसकेको वनकाली यात्रा यस वर्ष भएको छ ।

वैशाख शुक्ल तृतीया अर्थात् अक्षय तृतीयाका दिन वनकालीयात्रा सम्पन्न गरिएको अनुसन्धाता खतिवडाले बताए । खतिवडाले २०७५ र २०७६ मा बागमती तीर्थयात्राको कर्ताको भूमिका निर्वाह गरेका थिए । खतिवडा पनि हाल बाबुको बरखीका कारण यात्रामा निस्कन नसक्ने अवस्थामा रहेको जनाइएको छ । काठमाडौं उपत्यकाभित्रका बागमती किनारका सबै तीर्थमा पैदल हिँडेर गरिने यो तीर्थ यात्राको मौलिकता हराउन नहुने भन्दै संस्कृतिप्रेमीले माग गर्दै आएका छन् । *रासस*

# फ्लाइ दुबईका नेपाल प्रमुख र स्टेसन म्यानेजरको पास रोक्का

**काठमाडौं (प्रस)**- नेपाल उड्डयन प्राधिकरणले फ्लाइ दुबईको जहाजको इञ्जिनमा भएको आगलागीको घटनामा चरा ठोक्किएको भनी भ्रमपूर्ण सूचना फैलाएको भन्दै नेपाल प्रमुख र स्टेसन म्यानेजरलाई विमानस्थल प्रवेशमा रोक लगाएको छ ।

प्राधिकरणले प्रमाणविना दुबईबाट गलत सूचना फैलाउने दुवै जनाको पास तत्कालका लागि रोक्का गरेको हो । प्राधिकरण सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार नयाँ निर्णय नभएसम्मका लागि उनीहरूलाई विमानस्थल प्रवेशमा रोक लगाइएको छ । प्राधिकरणद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, 'प्राधिकरणको आधिकारिक निष्कर्षविना सो वायुसेवाको अफिसियल पेजमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'बर्ड स्ट्रिक'को कारणले गर्दा सो घटना भएको विवरण सार्वजनिक भएकोमा फ्लाइ दुबई एयरलाइन्सको काठमाडौंस्थित कन्ट्री म्यानेजर विनोद अब्रहम र एयरपोट म्यानेजर नर नारायण पकवानको विमानस्थल प्रवेश पास रोक्का गरिएको छ ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट १६८ यात्रु बोकेर सोमबार राति फ्लाइ दुबईको जहाज कोटेश्वरतर्फबाट उड्दै गर्दा कोटेश्वरको आकाशमा विष्फोटको आवाजसँगै इञ्जिनमा आगोको लप्का देखिएको थियो । यद्यपि, चालकले उक्त जहाजलाई गन्तव्यस्थलमै पुऱ्याएर सुरक्षित अवतरण गराएका थिए ।

## रविको 'कमब्याक'...

पृष्ठ १ बाट जारी

मंगलबार सम्पन्न मतगणनाअनुसार वाग्लेले ३४ हजार ९११ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी कांग्रेसका गोविन्द भट्टराईले २० हजार १२२ मत प्राप्त गरे । नेकपा एमालेका सर्वेन्द्र खनालले आठ हजार ४८८ मत प्राप्त गरे ।

यसैगरी राप्रपाकी शोभा गुरुङले २१८, नागरिक उन्मुक्ति पार्टीका भीमबहादुर सुनारले ९९, नेमकिपाका रामप्रसाद प्रजापतिले ३१, नेकपा समाजवादीका गणेश श्रेष्ठले पाँच, मंगोल नेसनल अर्गनाइजेसनका प्रेमबहादुर थापाले १६६ र राष्ट्रिय जनमुक्तिका पूर्णबहादुर रानाले ८७ मत प्राप्त गरे । निर्वाचनमा ६५ हजार ३१६ मत खसेकामा ६४ हजार १३५ मत सदर भएको थियो भने एक हजार १८१ मत बदर भएको थियो ।

तनहुँ-१ का प्रतिनिधिसभा सदस्य नेपाली कांग्रेसका रामचन्द्र पौडेल राष्ट्रपति पदमा निर्वाचित भएपछि रिक्त निर्वाचन भएको हो ।

**सबै दलसँग सहकार्य गर्छु : स्वर्णिम वाग्ले**

तनहुँ-१ बाट निर्वाचित भएसँगै डा. वाग्लेले तनहुँवासीले गर्व गर्नलायक सांसद बनेर देखाउने प्रतिबद्धता व्यक्त गरे । उनले जिल्लाको विकासका साथै देशका मुद्दा सम्बोधनका लागि आफूले भूमिका खेल्ने उल्लेख गरे ।

तनहुँवासीको विश्वास र भरोसालाई डगमगाउन नदिने उल्लेख गर्दै उनले भने, 'जनताका अपेक्षा न्याय गर्नेछु ।' डा. वाग्लेले जिल्लाका सबै राजनीतिक दलसँग सहकार्य र समन्वय गरेर काम गर्ने बताए । नीति, क्षमता सही भएको खण्डमा देश विकास सम्भव रहेको जनाउँदै सामूहिक प्रयासलाई इमानदारीपूर्वक निभाउनेसमेत उनको भनाइ थियो । देश विकास गर्ने हुटहुटीले आफूहरू आएको उल्लेख गर्दै उनले भने, 'सबैको सामूहिक प्रयत्नबाट मात्र देश विकास हुन्छ ।'

**मत बढ्दा जिम्मेवारी थपियो : रवि लामिछाने**

संसद्मा कमब्याक गरेका रास्वपा सभापति लामिछानेले सुशासनको 'एजेन्डा'मा टेकेर समृद्धिको बाटो तय गर्ने बताएका छन् । पुनः निर्वाचित भएपछि प्रतिक्रिया दिँदै आम नागरिकका अपेक्षा भनेको मौलाएको भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ भन्ने पाएको लमिछानेले बताए । 'मेरो प्रमुख एजेन्डा सुशासन नै हो,' यही अपेक्षालाई आफूले शिरोपर गरेको तर्क गर्दै उनले भने, 'यही अपेक्षालाई आम जनताले अनुमोदन गरेको मैले महसुस गरेको छु ।' पहिलेको भन्दा धेरै मतका साथ विजयी हुँदै गर्दा जिम्मेवारी थपिएको भन्दै उनले राजनीतिक निर्णय गर्दा आफू थप जिम्मेवार भएर सोचेर गर्नुपर्ने अवस्थामा आएको बताए । 'ठूला राजनीतिक निर्णय गर्दा आफू जिम्मेवार भएर सोच्नुपर्ने अवस्था सिर्जना भएको छ । यसलाई जिम्मेवारीका साथ लिनेछु ।'

# एकैदिन १३६ जनामा कोरोना संक्रमण

**काठमाडौं (प्रस)**– कोरोना भाइरसको संक्रमण पुनः बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबार एक हजार ५९१ जनामा गरिएको परीक्षणमा १३६ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै सक्रिय संक्रमित ३९० जना पुगेका छन् । सोमबार ११३ जनामा संक्रमण फेला परेको थियो । मन्त्रालयका अनुसार संस्थागत आइसोलेसनमा २७ जना, सघन उपकक्ष (आइसियू)मा चार जना र भेन्टिलेटरमा एक जना उपचाररत रहेका छन् ।

यस्तै मंगलबार ६४ जना कोरोना उपचारपछि घर फर्किएका छन् । मन्त्रालयले कोरोना भाइरसको संक्रमण बढ्दै गइरहेकाले खोप लगाउन आग्रह गरेको छ । नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबी १.१६ देखापरेको छ ।

शून्यमा झरेको संक्रमण नेपाल भारत खुला सीमानाका कारणले संक्रमित नेपाल प्रवेश गर्नाले फैलिएको हो ।

# 'रुस भ्रमण ऐतिहासिक'

**काठमाडौं (प्रस)**– राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफ्नो नेतृत्वमा सम्पन्न भएको रसिया(रुस) भ्रमण ऐतिहासिक भएको बताएका छन् । रसियाको उपल्लो सदन संघीय सभाको फेडेरेसन काउन्सिलका अध्यक्ष भलेन्टिना मात्भिएन्काको निमन्त्रणामा भएको औपचारिक भ्रमण पूरा गरी स्वदेश फर्कने क्रममा अध्यक्ष तिमिल्सिनाले रसियासँग अन्तरव्यवस्थापिका सहयोग आदनप्रदानका साथै आपसी सहयोग वृद्धिका लागि भ्रमण महत्त्वपूर्ण भएको बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले भ्रमणका क्रममा रसियाको उपल्लो सदन र राष्ट्रिय सभाका बीचमा अन्तर-संसदीय सहयोगलाई प्रवर्द्धन गर्नेलगायत विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको बताए ।

## लुम्बिनीमा...

पृष्ठ १ बाट जारी

८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेका २९, नेपाली कांग्रेसका २७, माओवादीका ११, राप्रपा र नागरिक उन्मुक्ति पार्टीका चार-चार जना, जनमत पार्टी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका तीन-तीन जना, राष्ट्रिय जनमोर्चा र नेकपा एकीकृत समाजवादीका एक-एक जना र स्वतन्त्र एक सांसद छन् ।

गठबन्धनमा फेरबदल नआएमा कांग्रेस-माओवादीसहितको गठबन्धनबाट चौधरी मुख्यमन्त्री बन्ने निश्चितजस्तै छ । किनकि, एमाले र राप्रपाको ३३ मतमात्र छ । बहुमतका लागि ४४ सांसद आवश्यक पर्छ ।

## जनपरीक्षणमा...

पृष्ठ १ बाट जारी

भयो । र, २०६४ मा भने यी दुवै दलको विकल्पमा सशस्त्र विद्रोही दल माओवादी पहिलो शक्ति बन्यो । २४० संसदीय निर्वाचन क्षेत्रमध्ये माओवादीले १२० सिट जित्यो । थप १०० सिट समानुपातिकबाट र नेकपा एकीकृतलाई एकता प्रक्रियामा जोडेपछि ६०१ सदस्यीय संसद्मा २२१ सिट माओवादीको भयो ।

तर, यो दलले पनि अपेक्षाअनुसार काम गर्न नसकेको जनगुनासो रह्यो । त्यही भएर दोस्रो संविधानसभा निर्वाचन २०७० मा माओवादीलाई निकै कमजोर शक्ति जनताले बनाइदिए ।

यसरी माओवादी पनि जनताको तहबाट परीक्षण भएको दल हो । यसपछि २०७४ मा बाम गठबन्धनलाई जनताले विश्वास गरे । किनभने, गठबन्धनले पाँच वर्षे स्थिर सरकार र विकासको नारा घन्काएको थियो । जसको बलमा २७५ सदस्यीय संसद्मा १७४ सिटसहित गठबन्धनले बहुमत प्राप्त गऱ्यो । ३ जेठ २०७५ मा दुई दलबीच एकता भएर नेकपा बन्यो ।

यद्यपि, पार्टीको आन्तरिक शक्ति संघर्षले विभाजन भयो । यसलाई जनताले मन नपराएको २०७९ को आमनिर्वाचन र २०८० को उपनिर्वाचनले पुष्टि गरेको एमाले नेता भट्टराईले बताए । 'कम्युनिस्टहरूको ध्रुवीकरण आवश्यक थियो । त्यही बुझेर एकता भयो । तर, एकतालाई जोगाउन सकेनौं । जुन जनताले मन नपराएको चुनावले पुष्टि गऱ्यो,' भट्टराईले प्रभावसँग भने ।

रवि र उनको दलको परीक्षण वर्तमान संसद्को बाँकी चार वर्षे कार्यकालमा जनताले गर्ने हुन् । जसले रवि र उनको दलको राजनीतिक भविष्य निर्धारण गर्ने छ ।


**श्री कञ्चन कृषि वस्तु उत्पादन सङ्कलन तथा प्रशोधन केन्द्र**

**शुक्लाफाँटा न.पा.१०, कञ्चनपुर**

**बोलपत्र पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/१३**

यस कम्पनी र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कञ्चनपुरको लागत साझेदारीमा तपसिल बमोजिमका बीउ प्रशोधनसँग सम्बन्धित उपकरणहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कम्पनीमा नियमपूर्वकको कागजातसहित बोलपत्र फारम खरिद गरी मिति २०८०/०२/१२ गते दिउँसो १२ बजेभित्र यस संस्थामा सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि यस कम्पनीमा सम्पर्क राख्न समेत जानकारी गरिन्छ ।

**तपसिलः**

| ठेक्का नं. | विवरण | ल. ई. रकम रु. | रकम धरौटी | ठेक्का नं. | विवरण |
|---|---|---|---|---|---|
| kanchan/ Goods/ 01/079/80 | Supply and Installation of seed processing equipments | २१,७०,५५०।- | ५४,२६५।- | ३,०००।- | The technical details of the equipments as per approved specification and standards mentioned in the bidding document. |




**बारपाकमा भूकम्प स्मृति दिवस** | गोरखाको बारपाक सुलिकोट गाउँपलिका वडा नं १, बारपाकमा भूकम्प स्मृति दिवसको अवसरमा मंगलबार भूकम्पमा ज्यान गुमाएकाहरूको सम्झनामा बारपाकमा निर्माणधीन भूकम्प स्मृति उद्यान परिसरमा भएको कार्यक्रममा सहभागीहरू ।

*तस्बिरः दीपक श्रेष्ठ/रासस*

# आयातीत औलो निवारणको चुनौती

**काठमाडौं–** उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा औलोको बिरामी देखिन थालेपछि यसको निवारणमा चुनौती थपिएको छ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा स्थानीय औलाका बिरामी भेटिने क्रम रोकिएको छैन । यी प्रदेशका विभिन्न १४ वडा औलोको उच्च जोखिममा रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको अध्ययनले देखाएको छ ।

उक्त प्रदेशका उच्च पहाडी र हिमाली जिल्लामा संक्रमण देखिनु औलो निवारणका मुख्य चुनौती भएको एनटिडी तथा कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा. गोकर्ण दाहाल बताउँछन् । 'उच्च पहाडी तथा हिमाली जिल्लामा औलोको बिरामी भेटिन्छन् तर त्यहाँ खोज पड्ताल तथा विषादी प्रयोगमा कठिनाइ छ,' उनी भन्छन् । नेपालको औलो रणनीतिक योजना (सन् २०१४-२५) अनुसार सन् २०२२ मै स्थानीय औलोलाई शून्यमा झार्ने लक्ष्य थियो । स्थानीयस्तरमा औलो संक्रमितको संख्या घट्दो छ तर अहिलेसम्म स्थानीय औलो शून्यमा झार्न चुनौती देखिएको हो ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा ११ सय ८७ बिरामीमध्ये ५५७ जना स्थानीय औलोका बिरामी थिए । यो संख्या आव २०७८/७९ सम्म आइपुग्दा ३८ जनामा झरेको छ ।

यस आव २०७९/८० को वैशाख ५ गतेसम्म ३७३ औलोका बिरामीमध्ये २४ स्थानीय बिरामी रहेका छन् । यो संख्या गर्मीयाम र वर्षायामसँगै बढ्ने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका चिकित्सक डा. शेरबहादुर पुन बताउँछन् ।

औलोबारे स्वास्थ्यकर्मीको चासो कम हुनुसमेत चुनौती भएको डा. दाहालको भनाइ छ । 'पछिल्लो समय औलो सकिएको भन्ने बुझाइ छ । स्वास्थ्यकर्मीमा औलो प्राथमिकतामा पर्दैन, उहाँहरूले औलोको लक्षणप्रति हेलचेक्र्याइँ गरेको पाइन्छ,' उनले भने ।

उनका अनुसार स्वास्थ्यकर्मीमा औलो प्राथमिकतामा नपर्दा शंकास्पद औलोको परीक्षण कम हुने गरेको छ । यस्तै औलोरोग स्थानीय तहमा प्राथमिकतामा नपर्नु र आवश्यक स्रोतको अभाव चुनौतीका रूपमा खडा भएका छन् ।

यस्तै, औलो रोग निवारणमा आयातीत औलो अर्को ठूलो चुनौती बनेको छ । सरकारले सन् २०२५ सम्म औलो निवारण गर्ने र मृत्यु शून्यमा झार्ने परिकल्पनामा आयातीत औलो चुनौती बनेको हो । आयातीत औलो सातै प्रदेशमा देखिएको छ । महाशाखाको तथ्यांकअनुसार आयातीत औलोका बिरामीको संख्या आर्थिक वर्ष २०७४/७५ को कूल ११ सय ८७ बिरामीमध्ये आयातीत ६३०, आव २०७५/७६ मा एक हजार ६५ मध्ये ५२५, आव २०७६/७७ मा कूल ६१९ मध्ये ५१७ र आव २०७७/७८ मा ४९१ मध्ये ३११ जना रहेका छन् ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले औलो निवारणको लक्ष्य हासिल गर्न विभाग पूर्ण तयार रहेको बताए । इपिडिमियोलोजीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० वैशाख ५ गतेसम्म ३७३ जना औलोका बिरामी भेटिएका छन् । जसमा २४ स्थानीय तथा ३४९ आयातीत हुन् । आयातीत औलोको संख्या उल्लेख्यरूपमा खट्न नसक्नु अर्को चुनौती बनेको छ । डा. दाहालले भारतसँगको खुल्ला सिमानाका कारण आयातीत औलोको जोखिम यथावत् छ । भारतको महाराष्ट्र, गुजरात, उत्तर प्रदेश र पश्चिम बंगालबाट धेरै औलो नेपाल भित्रिने गरेको छ ।

डा. दाहालले आयातीत औलो निवारणका लागि सीमा नाका तथा समुदायमा शंकास्पद बिरामीको रक्त परीक्षण तथा सोबारे सचेतना बढाउनुपर्ने बताए । औलो रोग संक्रमित एनोफिलिज जातको पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । नेपालमा औलोका दुई परजीवि, प्लाज्मोडियम फाल्सिपारम र प्लाज्मोडियम भाइभेक्स परजीवी धेरै देखिएको छ । यीमध्ये प्लाज्मोडियम फाल्सिपारमबाट हुने औलो बढी घातक हुने गरेको छ ।

सरकारी स्वास्थ्य संस्थामा औलोको निःशुल्क परीक्षण तथा उपचारको व्यवस्था छ । सरकारले हरेक वर्ष शूक्ष्म स्तरीकरणमार्फत जोखिम क्षेत्र निर्धारण, औषधिको प्रभाव, झुलको उपलब्धता तथा प्रयोग, औलोको बाहक लामखुट्टेको तथा रोग परिरहेका स्थानको अध्ययन गर्दै आएको छ । *रासस*

# सिन्धुपाल्चोकका सबै विद्यालय भवन पुनर्निर्माण

**चौतारा–** भूकम्पबाट अति प्रभावित सिन्धुपाल्चोकका रहेका सबै विद्यालय भवन पुनर्निर्माण सकिएको छ । भूकम्पका कारण यहाँका सबैजसो विद्यालयमा क्षति पुगेको थियो । क्षति पुगेका विद्यालय दाता र सरकारको सहयोगमा आठ वर्षमा पुनर्निर्माण सम्पन्न भएको हो ।

भूकम्पको डेढ वर्षपछि सुरु भएको पुनर्निर्माण यो आर्थिक वर्षभित्र अन्तिम चरणमा पुग्ने पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा)ले जनाएको छ ।

एकाइको तथ्यांकअनुसार भूकम्पले ४९६ विद्यालयका चार हजार १०० भन्दा बढी कक्षाकोठामा क्षति पुगेको थियो । विद्यालय भवन पूर्णरूपमा सम्पन्न भएर विद्यार्थी अस्थायी शिक्षण केन्द्रबाट सुविधा सम्पन्न भवनमा अध्ययन गर्न थालेका छन् ।

भूकम्पअघि जस्ताका टहरामा पढाइ हुने गरेकोमा पछिल्लो समय बनेका विद्यालय भवन भूकम्प प्रतिरोधी मात्र नभएर भव्य र आकर्षक रहेको जिल्ला शिक्षा समन्वय एकाइका प्रमुख कृष्ण सुवेदी बताउँछन् । 'सबै विद्यालयमा आवश्यक पूर्वाधार बनेका छन्, सुवेदीले भन्ने, 'पूर्वाधारमा कुनै कमी छैन ।' चिनियाँ राजदूतावासको सहयोगमा भवन बनेको रत्नराज्य मावि चनौटेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सनत अधिकारीले निर्माण भएका भवनको साख जोगाउनु चुनौती रहेको बताए ।

'भवन पाँच तारे होटलजस्तो भव्य र सुविधा बनेको छन्,' अधिकारीले भने, 'अब भवनअनुसारको शैक्षिक उपलब्धि प्राप्त गर्नु विद्यालयको चुनौती हो ।' *रासस*

# बूढानीलकण्ठ नगरपालिकाभित्र सिसिटिभी जडान गर्न सम्झौता

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र बूढानीलकण्ठ नगरपालिकाबीच नगर क्षेत्रभित्र सहरी सुव्यवस्थापनका लागि सिसिटिभी क्यामरा जडान, सञ्चालन, मर्मतसम्भार र सूचनाको उपयोग गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

मंगलबार बूढानीलकण्ठ नगरपालिकाको कार्यालयमा भएको कार्यक्रममा काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीकाका कार्यालय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली र बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक ज्ञवालीले सिसिटिभी जडानले घटित अपराधको छिटो, छरितो अनुसन्धान गर्न, चोरी, लुटपाट, सवारी दुर्घटना, छुटेका सामानको पहिचानलगायत विभिन्न आपराधिक घटनाको सफल अनुसन्धान गर्न तथा प्रहरीले प्रवाह गर्ने सेवालाई थप प्रभावकारी बनाउन टेवा पुग्ने बताए ।

आगामी दिनमा शान्ति सुरक्षा, विकासका कार्यक्रम, अपराध नियन्त्रण र अनुसन्धानमा नगरपालिकासँग थप सहकार्य गर्दै जाने उनले उल्लेख गरे । सो कार्यक्रममा बूढानीलकण्ठ नगरपालिकाका प्रमुख अधिकारीले सिसिटिभी जडानले विभिन्न विकृतिका कार्यको पहिचान गर्न एवं नागरिकलाई थप सुरक्षाको प्रत्याभूति गराउन सहयोग पुग्ने बताए । उनले आगामी दिनमा नेपाल प्रहरीसँग थप सहकार्य र समन्वय गर्दै अगाडि बढ्ने बताए ।

बूढानीलकण्ठ नगरपालिकाको क्षेत्रभित्र सिसिटिभी जडानका लागि पाँच करोड रूपैयाँको बोलपत्र आह्वान गरिने जनाइएको छ । चालु आवमा दुई करोड ५० लाख रूपैयाँ विनियोजित रकम पेश्कीबापत उपत्यका प्रहरी कार्यालयलाई उपलब्ध हुने र ठेक्का सम्झौताबमोजिम हुने बाँकी रकम आगामी आवमा गरिने जनाइएको छ ।


श्री जगदल गण, छाउनी ब्यारेक, काठमाण्डौं
खानेपानी संरचना निर्माण सम्वन्धि

**दरभाउपत्र आह्वानको सूचना**

(दोस्रो पटक प्रकाशित मितिः २०८०/०१/१३ गते)
ठेक्का सूचना न. ०७९/८०/०५

१. यस गणको हाताभित्र सिलबन्दी दरभाउपत्रको माध्यमबाट खानेपानी संरचना निर्माण गर्न' पर्ने भएकोले ईच्छ'क योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाबाट दोस्रो पटक यो दरभाउपत्र आह्वान गरिएको छ ।

दरभाउपत्रको विवरण

| सि.नं. | विवरण | दरभाउपत्र जमानत | मान्य अवधि | दरभाउपत्र दस्तुर | दरभाउपत्र पेश गर्नु पर्ने अन्तिम मित | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी संरचना निर्माण | ४८,०००।०० | ७५ दिन | १,०००।०० | २०८०/०१/१९ गतेको १२:०० बजेसम्म | २०८०/०१/१९ गतेको १३:०० बजे |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र पेश गर्ने तथा खोलिने छ । थप जानकारीको लागि श्री जगदल गण, छाउनी ब्यारेक, काठमाण्डौं फोन नं.०१-५३७१८७७ मा सम्पर्क गर्नुहुन ।

(सरोज कुमार कार्की)
प्रमुख सेनानी
गणपति



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLD COLD TRANSPORT SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No.278709 | चलानी नं. ६०१९४२४७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Storage Labour | 13 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

(डि. के. रिभर ओभरसिज प्रा.लि)
DK RIVER OVERSEAS (P.) LTD.
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TNS CONSULTING JOBS AGENCY SRL

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पूर्व स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 279184 | चलानी नं.६०१९४८२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | USD | ने.रू. | | | | | | | |
| 1 | Construction Helper | 100 | 0 | 600 | ७८,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 0 | 20 | 550 | ७१,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## Invitation for Sealed Quotation

**Shivanath Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sullekhan, Baitadi**

**Sealed Quotation No: 02/SRMUN/GOODS/EDUCATION/2079/080**
**Date of Publication : 2080/01/13 (26 April, 2023)**

1. The Shivanath Rural Municipality, Office of the Rural Municipality invites sealed quotations from registered Suppliers for the supply and delivery of sanitary Pad.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at Shivanath Rural Municipality office, sullekhan, baitadi, Email: **ito.shivanathmun@gmail.com**, Phone no. 9858784452 or may visit ppmo website www.bolpatra.gov.np.

3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of Bidding document in the following account

*Name of the Bank: Nepal SBI Bank, Shivanath Baitadi*
*Name of Office : Shivanath Rural Municipality*
*Office Account no.: 41895241207004 (Internal Revenue Account)*

5. Sealed bids must be submitted to the Shivanath Rural Municipality Office of the Rural Municipal Executive Sullekhan, Baitadi on or before 12:00 Hour on **2080/01/28 (May 11,2023)**. Bids received after *this deadline will be rejected.*

6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hour on **2080/01/28 (May 11, 2023)** at Shivanath Rural Municipality, Office of the Rural Municipal Executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum **of NRs. 30,000/- (IN Words:NRs. Thirty Thousand only)**, which shall be valid for 30 days beyond the validity period of the bid.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Sealed Quotation Number | Description Of Works | Total Project Cost Including VAT | Bid Document Price (NRs) | Bid Security (NRs) |
|---|---|---|---|---|---|
| 1 | 02/SRMUN/ GOODS/EDUCATION/ 2079/080 | Procurement of Goods (Supply and Delivery of Sanitary Pad) | 12,91,340/- | 1000/- | 30,000/- |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## गगन विश्व आत्मालोचना कहिले ?

उपनिर्वाचन कांग्रेसका लागि प्रतिष्ठाको लडाइँ थियो । कांग्रेसको लगानीमा हुर्के बढेका डा. स्वर्णिम वाग्लेले घर छाडेर छिमेकीको बार्दली चढ्दै गर्दा कांग्रेस लाज जोगाउन उत्रेको थियो । कांग्रेसले उम्मेदवार मनोनयनको दिन तनहुँ–२ मा महामन्त्री गगन थापालाई खटायो भने चितवन–२ मा अर्का महामन्त्री विश्वप्रकाश शर्मालाई ।

कांग्रेसका महामन्त्रीद्वय गगन र विश्वप्रकाश नेतृत्वको आलोचना गर्दै हुर्केका जोधाहा नेताहरू हुन् । कांग्रेसमा शेरबहादुर देउवाको निरंकुश शैलीको चर्को विरोध गरेकै कारण युवाले मनपराएर महामन्त्रीसम्मको यात्रा तय गर्ने दुवै महामन्त्री यसपटक उपचुनावमा खटिए ।

जब सडकमा हुन्छ, प्रश्न स्वाभाविक हो । तब कुर्सीमा पुग्छ, उसले जवाफ दिनैपर्छ । जवाफ सन्की भएर हैन सुझबुझपूर्ण आउनुपर्छ । हालै नेतृत्वमा पुगेर चुनावबाट पनि अनुमोदन भएर आएको गगन र विश्वप्रकाश जब चुनावीसभामा उत्रिए– बोल्दै जाँदा दुवै जनामा सत्ताको उन्माद चढ्यो । अनि त्यही टिकट नपाएर पार्टी छाड्न बाध्य भएका डा. स्वर्णिममाथि कुर्लिए । गगन दमौलीमा छाती ठोक्दै स्वर्णिमलाई धारे हात लगाउँदै गर्दा भरतपुरमा विश्वप्रकाशले सोध्न भ्याए– शेरबहादुर देउवाले नै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष बनाएको हो, गीत गाउन दिँदा नाच्छु भन्दै आउने ?

कांग्रेसले आफ्नो आँगनमा नाच्न नदिएपछि स्वर्णिम छिमेकीको आँगनमा नाच्न निस्के । नाच्नमा उनी पोख्त रहेछन् भन्ने कुरा जनताबाट अनुमोदित भएपछि प्रस्टिसकेको छ । तर, नाच कांग्रेसका 'डान्स कोरियोग्राफर'हरू भने आँगन टेढो भएको हो कि भन्दै आफ्ना उम्मेदवारहरूतिर वाल्ल परेर हेरिरहेका होलान् । देउवा नेतृत्वमा लगभग कमजोर बनेको छ, कांग्रेस । नेता कार्यकर्ताले गठबन्धन मन पराएका छैनन् । यद्यपि, देउवाले माओवादीलाई काँध हालेर हिँडेको छ । यस्तो अवस्थामा खुंखार आलोचक भन्ने गगन र विश्वप्रकाश यो उपनिर्वाचनमा देउवाको कवच त बने नै खटिएको ठाउँबाट लोकप्रिय मत पनि जुटाउन सकेनन् ।

मंसिरको निर्वाचनमा गगन र विश्वप्रकाश अरु उम्मेदवारको क्षेत्रमा मत माग्न गएनन् भन्ने आरोप लागेको थियो । अहिले ती नेता गम खाँदै होलान्– मेरो क्षेत्रमा नआएर ठीकै गरेछन् । चितवन र तनहुँमा गठबन्धन दिलोज्यान दिएर लागेकै थियो । दुई महामन्त्री टाउको टेकेर छाती ठोकेर लागेकै थिए । तर नतिजा– हातमा लाग्यो शून्य । प्रयोग भएर वा गरेर दुई महामन्त्री उपनिर्वाचनमा असफल भए । चुनावको परिणाम आइसक्यो आत्मसमीक्षा गर्दै आत्मालोचना गर्ने कहिले ?

### मननयोग्य
### चाणक्य नीति

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यतिबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् ।

यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पर्दाका पछाडि विदुरको महत्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

युधिष्ठिरलाई युवराज बनाउनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूलाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्तीलाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूलाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवित नै छन् अनि जुन ब्राह्मण पुत्रले द्रौपदीको स्वयम्बरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश्वास दिलाउन झनै असजिलोसमेत परेको थियो ।

# लिखुका जलविद्युत्ले निम्त्याएको सामाजिक जोखिम



▸▸ कुमार यात्रु

लिखु खोला जलविद्युत् आयोजना निजी क्षेत्रबाट बन्न लागेको आयोजना हो । राष्ट्रिय अर्थतन्त्रमा यसको महत्व हुँदाहुँदै स्थानीयस्तरमा परेको वातावरणीय तथा सामाजिक प्रभावलाई नजरअन्दाज गर्न सकिन्न । क्षति न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्न सकिने सम्भावना हुँदाहुँदै पनि यसतर्फ परियोजनाले ध्यान नदिनु पक्कै पनि सकारात्मक सूचक मान्न सकिन्न ।

रामेछाप र सोलुखम्बु जिल्लाको सीमा भएर बग्ने लिखु खोलामा निर्माणाधीन लिखु जलविद्युत् आयोजनाले त्यस भेगको वातावरणीय तथा सामाजिक जोखिमलाई बढाएको छ । रामेछापको उमाकुण्ड र सोलुखम्बुको लिखुपिके गाउँपालिकाका आयोजना प्रभावित स्थानीयबासिन्दासँग केही साता अगाडि यो स्तम्भकारले गरेको अन्तर्क्रियाका क्रममा आयोजनाले स्थानीयबासिन्दाको मानवस्वास्थ्यमा गम्भीर हानि पुर्‍याएको आरोप लगाएका थिए । उनीहरूले जलविद्युत्का कारण जैविक विविधतामा ह्रास ल्याएको, जलचरको विनास भएको, पानीका स्रोतहरू सुकेको र उपलब्ध खानेपानीसमेत प्रदूषित भएको बताएका थिए । तथापि, सो जलविद्युत् आयोजना निर्माण गरिरहेको एमडी दुगड ग्रुपका अधिकारीहरूले भने वातावरणीय विनासलाई न्यूनीकरण गर्ने प्रयास भइरहेको दाबी गरेका थिए ।

देशको प्राकृतिक स्रोतको अधिकतम प्रयोग गर्नका लागि खेर गएको जलस्रोतबाट विद्युत् उत्पादन हुनु सकारात्मक पक्ष हो । तर, जलविद्युत् आयोजनाले सामाजिक तथा वातावरण संरक्षणमा केही योगदान दिनुपर्ने हो ।

खास गरेर आइएलओ महासन्धि नम्बर १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रमा भएको प्रावधानअनुसार स्वतन्त्र, पूर्वसुसूचित सहमति (एपपिक) लिने र स्थानीय तहसँग भएका सहमति तथा समझदारीको पालना गर्नुपर्नेमा आयोजनाले यी न्यूनतम कार्य पनि नगरेको पाइएको छ ।

### वन्यजन्तु विस्थापित

एमभी दुगड ग्रुपले पान हिमालय इनर्जी प्रालि, ग्लोबल हाइड्रोपावर एसोसिएट्स प्रालि र नुम्बुर हिमालय हाइड्रोपावर प्रालि नामको तीनवटा सहायक कम्पनीमार्फत १५७ मेगावाटको तीन फरक जलविद्युत् आयोजना लिखु खोलामा निर्माण गरिरहेको छ । तर, ती तीनवटै जलविद्युत् आयोजनाले वातावरण प्रभाव मूल्यांकनले औंल्याएका सुझाव कार्यान्वयन नगरेको तथा स्थानीय तह र स्थानीय सरकोकारवालासँग गरेको सहमति तथा सम्झौतासमेत कार्यान्वयन नगरी आयोजना निर्माण कार्य गरिरहेको स्थानीयको आरोप छ ।

स्थानीयले मात्र नभएर वातावरण संरक्षणका क्षेत्रमा क्रियाशील अगुवाहरूले पनि जलविद्युत् आयोजनाबाट वन तथा वातावरणमा क्षतिपूर्ति नै नहुनेगरी विनास भएकोमा चिन्ता व्यक्त गरेका छन् । गौरीशंकर संरक्षण क्षेत्रमा कार्यरत हाकिम बस्नेतले जलविद्युत् आयोजनाका कारण रामेछाप र सोलुका संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु विस्थापित भएको, जैविक विविधताका सहयोगी जीवहरू मासिएको तथा संरक्षित जलचरहरू लोप भएको आरोप लगाएका छन् ।

'लिखु क्षेत्रमा प्रसस्तै वन्यजन्तुहरू थिए । यो जलविद्युत् निर्माण सुरु भएपछि दिनहुँ अनियन्त्रित ब्लास्टिन पड्केको आवाजले वन्यजन्तु यस क्षेत्रबाट स्थानान्तरण भएका छन् ।' संरक्षण क्षेत्रसँग सम्बन्धित बस्नेतले भने, 'यहाँ उपलब्ध हुने लोपोन्मुख हिउँचितुवा, कस्तुरी मृग, हाब्रे, ब्वाँसो, ध्वाँसे चितुवा, सालक, चरीबाघलगायतका वन्यजन्तु रामेछापको क्षेत्रमा पाउन छोडिएको छ । त्यसैगरी संरक्षित चराहरू डाँफे, मुनाल पनि नदेखेको धेरै भइसक्यो ।'

यसरी संरक्षित क्षेत्रबाट नै वन्यजन्तु विस्थापित हुनु गम्भीर विषय हो । त्यतिमात्र नभएर लिखु खोलामा अत्यधिक रसायनको प्रयोगबाट जलचर जीवको अस्तित्व समाप्त भएको स्थानीय उमाकुण्ड गाउँपालिका वडा नम्बर २ की वडा सदस्य ईश्वरी कार्कीको आरोप छ । यो खोलाको तीतेमाछा यसअघि एक लाख ३० हजारमा ठेक्का लाग्ने गरेको थियो । दुई वर्षयता औषधिका रूपमा खोज्दा पनि तीते माछा पाउन छोडिएको कार्कीको भनाइ छ । तीते माछालगायतका जलचरहरू पूर्णरूपमा लोप भएको र त्यसको विकल्पबारे आयोजनाले हालसम्म कुनै उपाय नगरेको भनाइ उनको थियो ।



### घाँस पनि पखालेर दिनुपर्छ

सबैभन्दा बढी त आयोजना आसपासमा कृषि तथा पशुपालन गरेर बस्ने किसानलाई मर्का परेको छ । स्थानीय कृषक नरेन्द्र बस्नेतको अनुभवमा जलविद्युत् परियोजनाको निर्माण कार्यका कारण अत्यधिक वायु प्रदूषण बढेको छ । धुलोले स्थानीयको दैनिक जनजीवनमा कठिनाइ आएको छ ।

'गाईभैंसी तथा बाख्रालाई दिने घाँस पानीले पखालेर दिनुपर्छ । घरपालुवा पशुहरू जंगलबाट ल्याएको घाँस त्यसै खाँदैनन् । सबै माटो नै माटो हुन्छ,' स्थानीय किसान बस्नेतले भने, 'हामीले खाने खानेकुरा खानै नसक्ने अवस्थामा हुन्छ । सुत्ने ओछ्यान हामीभन्दा अगाडि घुलो आएर राज गरिरहेको हुन्छ । अब यस क्षेत्रमा जीविका मात्र होइन, सामान्यरूपमा बसेर खानसक्ने अवस्था छैन । हामीलाई बसाइँ हिँड्न बाध्य वनाउँदै छ, हाइड्रो ।'

### भीरमाहुरी कता गए ?

लिखु नदी आसपासका वन तथा भीरपहरामा भीरमाहुरी प्रशस्त पाइनेमा अहिले पाइन छाडेको स्थानीय चुलेभीर सामुदायिक वन उपभोक्ता महासंघका कोषाध्यक्ष केदारकुमार कार्कीको आरोप छ । चुलेभीर सामुदायिक वन तथा लिखु आसपासका पहरा, वन तथा जंगलको विशेषता भीरमाहुरी थियो । अहिले भीरमाहुरी पाइन छाडेको छ ।

भीरमाहुरी वनजंगलको सोभा तथा जैविक उत्पादनको सेतु हो । भीरमाहुरी जैविक विविधताका लागि नभई नहुने जीव हो । वनमा फुल्ने फूल, रुख बिरुवा तथा अनेक प्रकारका वनस्पतिहरूबीच पराग सेवा भीरमाहुरीले दिन्छ । अन्नबालीको उत्पादनसँग पनि भीरमाहुरीको प्रत्यक्ष र अप्रत्यक्ष योगदान जोडिन्छ । तर, लिखु नदी किनारमा भीरमाहुरी शून्यको अवस्थामा छ । यो सबै यहाँको बढ्दो वायु प्रदूषणका कारण हो ।

### घाट हरायो

यहाँको हरियाली तथा जैविक विविधता संरक्षणका लागि स्थानीय चुलेभीर वन उपभोक्ता महासंघसँग लिखु जलविद्युत् आयोजनाले १३ बुँदे सम्झौता गरेकोमा कुनै पनि कार्यान्वयन नगरेको महासंघका अध्यक्ष उमेश बस्नेतले जानकारी दिएका छन् । महासंघले वन तथा वातावरणको संरक्षण तथा जलचर तथा वन्यजन्तु संरक्षणका लागि आयोजनाको नेतृत्वसँग पटक-पटक आग्रह गरिरहँदा कुनै सुनुवाइ नगरेको उनको आरोप थियो ।

आयोजनाले स्थानीय संस्कृतिअनुसार घाट निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । अहिले घाट हुने ठाउँमा डचाम छ, कि त पानीविनाको बगर छ । खानेपानीसहितको धारा भनेको थियो । तर, अहिले पानीको धारा होइन, सुरुङका कारण भएका पानीका स्रोत पनि सुकेका छन् । आयोजना जाने सडक त खनिएको छ । तर, जनताले सडकबाट दुर्दशा खेपिरहेका छन् ।

सोलुखम्बु लिपुलेक वडा नम्बर ४ का वडाध्यक्ष हिक्मत बस्नेत आयोजनाले वन उपभोक्ता महासंघ, स्थानीय तह, स्थानीय जनतासँग गरेको सम्झौता तथा प्रतिबद्धता कार्यान्वयन नगरेको बताए । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन जनताका सामु आएको छैन । स्थानीय तहका साना योजनामासमेत होर्डिङ बोर्ड राखेर सूचना दिने गरेकोमा यति ठूलो परियोजनाले सबै सूचना लुकाएर कानुनको उल्लंघन गरेको आरोप लगाए ।

लिखु नदीबाट लगातार गिट्टी बालुवाको प्रयोग भइरहेको छ । तर, त्यसको राजस्वसमेत स्थानीय तहमा नबुझाएको बताउँदै उनले परियोजनाले ध्वनी प्रदूषण, वायु प्रदूषण, वन जंगलको विनास, वन्यजन्तुलाई खेदेको तथा स्थानीय जनतासँग कुनै सहमति नगरेर हेपाहा व्यवहार गरेको आरोप लगाए ।

उनले नदीको प्राकृतिक बाटो परिवर्तन गरेको र यसबाट आसपासका बस्तीहरू असुरक्षित बनेको पनि आरोप लगाए । यसबाट वातावरणीय जोखिम बडेको, जनताको जीविकोपार्जनमा असर पारेको एवं जलवायुजन्य विपद्लाई निम्त्याएको पनि बताए ।

तर, लिखु जलविद्युत् आयोजनाका जनसम्पर्क अधिकृत रोकट बस्नेतले परियोजनाको वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन (इआए)ले औंल्याएका वातावरणसँग सम्बन्धित सिफारिसलाई कार्यान्वयन गरेको दाबी गरेका छन् । परियोजना स्वीकृत हुँदा नेपाल सरकारका नीति तथा कानुनको पालना गर्नुपर्ने विषयलाई परियोजनाले ध्यान दिएको उनको भनाइ थियो ।

लिखु खोला जलविद्युत् आयोजना निजी क्षेत्रबाट बन्न लागेको आयोजना हो । राष्ट्रिय अर्थतन्त्रमा यसको महत्त्व हुँदाहुँदै स्थानीयस्तरमा परेको वातावरणीय तथा सामाजिक प्रभावलाई नजरअन्दाज गर्न सकिन्न । क्षति न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्न सकिने सम्भावना हुँदाहुँदै पनि यसतर्फ परियोजनाले ध्यान नदिनु पक्कै पनि सकारात्मक सूचक मान्न सकिन्न ।

### पत्र–मञ्जुषा

## राज्यबाट सुविधा लिन बन्द गरौं

संघ तथा प्रदेशसभाका सांसदलाई जनताको प्रश्न छ, 'तपाईंहरू ऐन कानुन बनाएर देशको विकास गर्न आउनुभएको हो कि देश नै अन्य मुलुकमा धितो राखी तलबभत्ता, सरकारी गाडी र कमिसन खान ?' यदि जनता र राष्ट्रको माया छ भने जुनसुकै पार्टीको भए पनि मुलुकको आर्थिक अवस्थाका कारण तलबभत्ता, सरकारी गाडी चाहिँदैन भनेर सदनमा उभिएर भन्नसक्ने आँट कुनै सांसदको छ ?

तर, अहिलेका सांसदहरूलाई देश र जनताको मायाभन्दा पनि तलबभत्ता, सरकारी गाडी र कमिसनको माया छ । नेपाली कांग्रेसका महामन्त्री एंव सांसद गगन थापा भन्छन्, 'राष्ट्रपति र प्रधानमन्त्रीको सेवासुविधा कटौती गर्नुपर्छ ।' तर, थापाले सदनमा उभिएर म जनताले तिरेको करबाट तलबभत्ता, सरकारी गाडी र सेवासुविधा लिन्न भनेर किन भनेनन् ।

अब सदनमा उभिएर आफूलाई तलबभत्ता, सरकारी गाडी र सेवासुविधा चाहिँदैन भनेर न बूढो भएका सांसद चित्रबहादुर केसी नै भन्छन् न राष्ट्रिय स्वतन्त्र पार्टीबाट आएकी सबैभन्दा कान्छी सांसद निशा डाँगी नै भन्छिन् । अहिले बजारमा सांसद तथा सरकारी कर्मचारीले देश नै अन्य मुलुकमा धितो राखी तलबभत्ता, सरकारी गाडी र सेवासुविधा लिएको सुनिन्छ । यिनीहरू देश जोगाउन नभई देश नै बेचेर तलबभत्ता खान गएको भनेर सर्वसाधारण भन्छन् । यता विदेशी मुलुकले नेपाललाई न अनुदान नै दिन्छ न विनाधितो ऋण दिन्छ ।

अहिले नेपालको अर्थतन्त्र टाट पल्टिसक्यो र नेपाल विदेशी ऋणमा डुबिसक्यो भनेर विदेशी मुलुकले थाहा पाइसकेका छन् । प्रत्येक नेपालीको टाउकोमा नेपाल सरकारले विदेशीसँग लिएको ऋण ८५ हजार पुगेको छ । यसरी विदेशीसँग लिएको ऋणको साँवाब्याज तिर्न नसकेपछि नेपाल कालोसूचीमा पर्न थालिसक्यो ।

उता सरकारी कर्मचारी, भूपू सरकारी कर्मचारी, ज्येष्ठ नागरिकहरूले पनि अब देश बेच्न पाइँदैन बरु हामीलाई तलबभत्ता चाहिँदैन भनेर सडकमा आन्दोलन गरेको देखिँदैन । विदेशी मुलुकले सयौं वर्षअघि हस्तक्षेप गर्न खोजेको हाम्रो नेपाललाई हाम्रो पुर्खाले आफ्नो ज्यान फालेर जोगाए ।

तर, अहिले सरकारी कर्मचारी, सांसद आदिले आफ्नो तलबभत्ता, सरकारी गाडी र सेवासुविधाका लागि विदेशीसँग ऋण लिएर देश नै बेच्न खोजे । अहिले भूपू राष्ट्रपति, भूपू सभामुख, भूपू प्रधानमन्त्री आदि आफूले पाउनुपर्ने तलब, सेवासुविधा त्याग्दैनन् । उता उद्योगी व्यवसायीहरू राज्यलाई कर तिर्दैनन् ।

पछिल्लो समय राज्यको ढुकुटी रित्तिदैन गएको छ । अब जनताले तिरेको करबाट सरकारी खर्च त धौधौ परेको छ भने विकास र विदेशीसँग लिएको ऋणको साँवाब्याज चुक्ताको त कुरा छोडौं । अब देश बचाउनेतर्फ लाग्ने हो भने वडाध्यक्षदेखि भूपूसरकारी कर्मचारी समेतले तलबभत्ता, सरकारी गाडी, सेवासुविधा र पेन्सन त्याग गर्नुपर्छ ।

अहिले सबैको साझा मुद्दा देशलाई आर्थिक संकटबाट जोगाउनेतर्फ हुनुपर्छ । देशको अर्थतन्त्र नै डुबेपछि अन्य सबै कुरा गौण हुन्छन् । त्यसैले अर्थतन्त्र जोगाउन कहाँ कसले कसरी योगदान गर्ने भन्नेतर्फ विमर्श हुनुपर्छ । अहिलेको अवस्थामा राज्यबाट लिनेभन्दा पनि राज्यलाई के दिने भन्ने सोचको आवश्यकता छ । जुटौं सबै मुलुक बचाउन । मुलुकको अर्थतन्त्रलाई सबल बनाउन ।

*– रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# घट्टकै भरमा चल्दछ दैनिकी



■ सन्तोष महतारा

> पानीघट्टमा पिसेको अन्नपात मिलमा पिसेको भन्दा गुणस्तरीय हुन्छ । तर, पछिल्लो पुस्तामा यस्ता परम्परागत घट्ट हराउँदै जाने चिन्ता रहेको स्थानीय बताउँछन् ।

**रेसुङ्गा–** पछिल्लो समय आधुनिक प्रविधिको प्रयोग बढेसँगै परम्परागत प्रविधि लोप हुँदै गएका छन् । तर, गुल्मीका दुर्गम बस्तीमा अझै पनि कुटानी-पिसानीका लागि परम्परागत पानीघट्टको प्रयोग कायमै छ ।

जिल्लाको मालिका गाउँपालिकाका केही स्थानमा पानीघट्टको प्रयोगबाट अझै पनि कुटानी-पिसानी हुने गरेको छ । एकातिर यसले परम्परागत प्रविधि जोगाएको आभास हुन्छ भने अर्कोतिर दुर्गम बस्तीका नागरिकले झेल्नुपर्ने समस्या प्रस्ट हुन्छ ।

मालिकाको ह्वाङ्दी क्षेत्रमा हालसम्म केन्द्रीय प्रसारणलाइनको बिजुली पुग्न सकेको छैन । एक झर पानी परे ह्वाङ्दीको सम्बन्ध जिल्ला सदरमुकाम तम्घासमात्र नभई गाउँपालिकाको केन्द्र अर्खबाङ्गसँग पनि टुट्छ । यस क्षेत्रका नागरिक हालसम्म पनि बिजुली र बाटोको सहज पहुँचबाट वञ्चित छन् । तर, लोप हुँदै गएको पानीघट्टको प्रयोगलाई भने स्थानीयवासी गर्व गर्दछन् ।

स्थानीय पानीघट्ट सञ्चालक धनवीर घर्तीले बाबुबाजेकै पुस्तादेखि सञ्चालनमा रहेको घट्ट हालसम्म यथावत् रहेको बताए । 'पानीघट्टमा पिसेको अन्नपात मिलमा भन्दा गुणस्तरीय हुन्छ,' उनले भने, 'यहाँका सबैले घट्टमै पिसेको अन्नपात खान्छौं ।' पछिल्लो पुस्तामा हराउँदै जाने चिन्ता रहेको उनले बताएका छन् ।

स्थानीयवासी उपभोक्ता यमबहादुर विकले पानीघट्ट गरिबीको सारथी बनेको बताए । कम मूल्यमा अन्नपातको कुटानी-पिसानी गरेर प्रयोग गर्न सकिने भएकाले घट्ट अत्यन्तै उपयोगी हुने गरेको उनी बताउँछन् । 'हामीले पुराना प्रविधिलाई जोगाएका छौं,' उनी भन्छन्, 'हामी आफैंले बनाएका घट्ट हाम्रा लागि सबैथोक हुन् ।' उनले आफूहरूकै सीपबाट घट्ट बनाएको बताए । आगामी दिनमा यसलाई सुधारिएको घट्टका रूपमा विकसित गर्नुपर्ने विकले बताएका छन् ।

मालिकाको यस क्षेत्रमा घट्टकै भरमा दैनिकी चलिरहेको छ । यहाँ खेतीकिसानी गरेर पानीघट्टकै भरमा दैनिकी क्रियाकलाप चलिरहेका छन् । यहाँका स्थानीयवासी पानीघट्टमा पिसेको अन्नपात गुणस्तरीय, लामो समयसम्म टिक्ने, खानामा मीठो र कुटानी-पिसानीका लागि सस्तो हुने बताउँछन् ।

स्थानीय उपभोक्ता ८४ वर्षीया दिलमाया घर्ती मगर आफूले स्मरण गर्ने दिनदेखि नै पानीघट्ट लोकप्रिय भएको बताउँछिन् । उनले आफूहरूभन्दा अघिल्ला पुस्ताले नै पानीघट्टको भरमा दैनिकी चलाएको स्मरण गरिन् । 'पानीघट्टबाहेक अरूमा पिसेको अन्नपात कहिल्यै प्रयोग गरिन्,' उनी भन्छिन्, 'हाम्रो गाउँमा घट्टबाटै दैनिकी चलेको छ ।' उनी उपभोक्ताले निकै सस्तो कुटानी-पिसानी गर्न पाएको बताउँछिन् ।

अर्का स्थानीय उपभोक्ता ७७ वर्षीया देउमती घर्तीले पानीघट्ट सस्तो, अन्न ढिलोसम्म टिक्ने र स्वादिष्ट हुने बताउँछिन् । अन्यत्र बिजुली र बाटो पुगेर विकास भएपछि पानीघट्ट हराएको उनले स्मरण गराइन् । 'विकास भएपछि पुराना प्रविधि हराउँदै जाने रहेछन्,' उनले भनिन्, 'यहाँ विकट भएर घट्ट रहे पनि पछिसम्म टिकाउनुपर्छ ।'

ह्वाङ्दी क्षेत्रका स्थानीवासी पानीघट्टमा अन्नपात कुटानी-पिसानी गर्दा सस्तो र स्वादिष्ट हुने बताउँछन् । बिजुलीबाट चल्ने मिलको तुलनामा आधाभन्दा बढी सस्तो मूल्यमा पानीघट्टमा कुटानी-पिसानी हुन्छ । साथै, पानीघट्टमा पिसेको अन्नपात वर्ष दिनसम्म राख्दा पनि स्वादिष्ट हुने गर्दछ ।

स्थानीय उपभोक्ता टोपबहादुर घर्तीले घट्टमा पिसेका मकै, कोदो र गहुँ लामो समयसम्म राख्दा पनि निकै स्वादिष्ट हुने बताए । 'घट्टमा पिस्दा निकै सस्तो र स्वादिष्ट हुन्छ,' उनले भने, 'आधुनिक प्रविधिभन्दा आफैंले बनाएको घट्ट लाभदायी हुने गर्दछ ।' उनले घट्टमा पिसेको पीठो खाना निकै मीठो हुने बताए ।

अर्का स्थानीय विष्णुबहादुर घर्तीले पनि पानीघट्टमा पिसेको अन्नपातलाई अहिलेका आधुनिक मिलसम्म तुलना गर्न नसकिने बताउँछन् । घट्टमा पिसेर लामो समय राख्दा पनि किरा नलाग्ने उनले बताए । 'घट्टमा पिस्दा आर्थिक भार बढ्ने कुरा भएन,' उनले भने, 'स्वास्थ्यका लागि पनि अन्नपात निकै लाभदायक हुन्छ ।' उनले सकेसम्म घट्टमा पिसेको अन्नपात प्रयोग गर्नु राम्रो हुने बताए ।

स्थानीय घट्ट सञ्चालक सुन्तले विकले खोला सुक्दै गएकाले घट्ट चल्न समस्या भएको गुनासो गरे । 'पानी सुक्दै गएपछि घट्ट चलाउन समस्या भइरहेको छ,' उनले भने, 'वर्षायामको समयमा मात्र चलाउँदै आएका छौं ।' पानी घटेपछि हिउँदमा घट्ट चलाउन नसकिएको उनले बताए । तुलानात्मक रूपमा हेर्दा पानीघट्टमा पिसेको खाना राम्रो हुने भए पनि पानी अभावले समस्या बल्झिँदै गएको छ ।

स्थानीय उपभोक्ता रेखा खड्काले पानीघट्टलाई पछिल्लो पछिल्लो पुस्तासम्म निरन्तर टिकाइराख्न आवश्यक रहेको बताइन् । तर, दिगो सञ्चालनका लागि कसैले ध्यान नदिँदा पानीघट्ट विस्थापित हुने चिन्तामा खड्का छिन् । 'बिजुली मिलमा महँगो पर्छ र अन्न छिट्टै बिग्रन्छ,' उनी भन्छिन्, 'पानी अभावले घट्ट हराउने चिन्ता हामीमा छ ।' पानीका मुहान सुक्दै गएकाले अन्य मूलको पानी मिसावट गरेमा मात्र घट्ट निरन्तर चल्नसक्ने उनको भनाइ छ ।

मालिकाको यस क्षेत्रमा बिजुली नपुग्दा समस्या छ । बिजुली आएपछि विकासका आयाम फेरिने आशामा स्थानीयवासी छन् । तर, बिजुली नआउँदा अन्य प्रविधि भित्र्याउन नसकेपछि पानीघट्टको बाध्यता कायम रहेको हो । बिजुली नआउँदा आफूहरू अन्धकारमा बस्नुपरेको स्थानीय पुतली विकले बताइन् । 'बिजुली नहुँदा अन्य विकास पनि भएन,' उनी भन्छिन्, 'पानीघट्ट राम्रो हो तर हाम्रो बाध्यता पनि हो ।' उनले पानीघट्टलाई जोगाइराखेर अरू विकास हुन जरुरी रहेको बताइन् ।

अर्का स्थानीय मुगा विकले पनि दलित र जनजाति बस्ती भएकाले पछाडि परेको बताइन् । आफूहरूलाई खानेपानीकोसमेत अभाव भएको उनले गुनासो गरिन् । पानीघट्ट सञ्चालन गर्नु बाध्यता भएको भन्दै उनले सहज बिजुली र बाटोको पहुँच हुनुपर्ने बताएकी छन् । विकास भएपछि व्यवस्थित तरिकाले पानीघट्ट चलाउने उनको भनाइ छ ।

स्थानीय घट्ट सञ्चालकले पानीघट्टको संरचना सुधारको माग गरेका छन् । सञ्चालक धनवीर घर्ती मगर, टोपबहादुर घर्ती मगर र सुन्तले विकले घट्टको संरचना सुधार गर्नुपर्ने माग गरे । 'खरको छानामुनि निकै जीर्ण संरचनामा घट्ट सञ्चालन छ,' उनीहरू भन्छन्, 'यसको सुधार हामीलाई आवश्यक छ ।' उनीहरूले संरचना सुधार भएमा सहजता हुने बताए ।

मालिकाको ह्वाङ्दी क्षेत्रका ११० घरधुरीका एक हजार ७०० परिवार सदस्य पानीघट्टको भरमा छन् । यस वडामा अहिले पनि छवटा पानीघट्ट सञ्चालनमा छन् । विकासका अन्य आयाममा परिवर्तन नहुँदा पानीघट्टको प्रयोग कायमै छ । यहाँ नागरिक मुख्यगरी बिजुली, सडक र पानीको अभावमा बल्झिरहेका छन् । यसमा हालसम्म स्थानीय सरकारको ध्यान पुग्न सकेको छैन ।

मालिका गाउँपालिका अध्यक्ष देवीराम अर्यालले पानीघट्टलाई पछिल्लो पुस्तासम्म देखाइराख्नुपर्ने बताए । उनले गाउँपालिकाका अन्य वडामा पनि पानीघट्टका लागि बजेट विनियोजन गरेर व्यवस्थित गरिने बताए । 'दुर्गम बस्तीमा विकासका पूर्वाधार पुर्‍याउन हामी लागिरहेका छौं,' उनले भने, 'विकासका साथसाथै परम्परागत पानीघट्टलाई पनि टिकाउँछौं ।' अघिल्ला पुस्तादेखि सञ्चालनमा रहिआएका पानीघट्टलाई सङ्ग्रहालयका रूपमा राखेर भए पनि पछिल्ला पुस्तालाई देखाउने अध्यक्ष अर्यालको भनाइ रहेको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **STEP FURNITURE MANUFACTURER SDN. BHD.**

पूर्व स्वीकृति मिति:२०७९/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/०१/१२ | चलानी नं.६०१८१९४९ | LT. No.265970

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 35 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५

Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SINOPEC ENGINEERING GROUP SAUDI CO LTD**

पूर्व स्वीकृति मिति २०७९/०९/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 277989 | चलानी नं. ६०१९१००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 3 | 0 | 1200 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SINOPEC ENGINEERING GROUP SAUDI CO LTD**

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 279319 | चलानी नं. ६०१८२३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker | 3 | 0 | 1200 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.** श्रम ईजाजत नं ९५७/०६७/०६८

Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SHAWARMA BAB AL HARA COMPANY FOR SNACKS FOODS**

पूर्व स्वीकृति मिति २०८०/०१/१२ | LT No.285281 | चलानी नं: ६०२००६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 5 | 0 | 120 | ५१,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shawarma Maker | 5 | 0 | 135 | ५७,५४५ | | | | | | | |
| 3 | Juice Maker | 5 | 0 | 120 | ५१,१५० | | | | | | | |
| 4 | Kitchen Helper | 5 | 0 | 120 | ५१,१५० | | | | | | | |
| 5 | Kitchen tools Cleaner | 5 | 0 | 100 | ४२,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.** श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TIME GUARDS SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 273008 | चलानी नं. ६०१८८९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 8 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SEASON CONFECTIONARY & BAKERY SDN.BHD.**

पूर्व स्वीकृति मिति २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 276008 | चलानी नं. ६०१९१६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 19 | 10 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **STELLAR GRAFIX (M) SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 279345 | चलानी नं. ६०१९४९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 1 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**

MINAWA RECRUITMENT HR PVT LTD Govt.Lic.No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com


## नाम परिवर्तन भएको सूचना

यस सुदर्शन आई केयर एण्ड नर्सिङ्ग होम प्रा. लि.को मिति २०७८/१२/१४ मा सम्पन्न विशेष साधारण सभाले कम्पनीको नाम सुदर्शन आई हस्पिटल प्रा. लि. (प्रा.लि.नं. १३२७३१/०७१/०७२) कायम गरिएको व्योहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यलयको मिति २०७८/१२/२२ को पत्र बमोजिम जानकारी गराएकोले अब उप्रान्त यस **सुदर्शन आई हस्पिटल प्रा. लि.** बाट व्यवसायिक काम कारोवारहरु सुचारु हुने व्यहोरा जो कोहीको जानकारीको लागि यसै सूचना मार्फत अवगत गराउँछौ ।

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

**यस कार्यालयमा मिति २०७५/०८/०९ मा दर्ता भएको प्रा.लि. नं २०३०२३ को अमल ड्रिङ्कस उद्योग प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **G-FORCE SECURITY SERVICE SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०८/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No.275906 | चलानी नं. ६०१९१७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.** श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ZEYADI GROUP FOR GENERAL CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 275291 | चलानी नं. ६०१९०८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 2 | 0 | 1500 | ५२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MOJEB S. AL-YAMI CONTRACTING EST**

पूर्व स्वीकृति मिति २०७९/११/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 282305 | चलानी नं. ६०१९७७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 30 | 0 | 1200 | ४१,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.** TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**मलाही मलंगवा, मोही फांट**

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला सर्लाही बसी साविक गा.वि.स. जब्दी वडा नं.९ हाल लालबन्दी न.पा. वडा नं. १७ मा वस्ने **साङ्ग दोर्जे हेन्जन तमाङ्ग** लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला काठमाण्डौ तारकेश्वर न.पा. वडा नं. ८ हाल जिल्ला सर्लाही लालवन्दी न.पा. वडा नं. १७ मा बस्ने मान वहादुरको छोरा भिम बहादुर श्रेष्ठको नाउंमा दर्ता रहेको जि.स.गा.वि.स. जब्दी वडा नं. (९घ) कि.नं. ३४३ को ज. वि. ०-१-० जग्गाको मोही महलमा जिल्ला सर्लाही साविक गा.वि.स. जब्दी वडा नं. ९ हाल लालबन्दी न.पा. वडा नं. १७ मा वस्ने साङ्ग दोर्जे हेन्जन तमाङ्ग को नाम उल्लेख रहेकोमा जग्गा धनीले जग्गा नजोतेको मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा मिति २०८०/०१/११ गतेको आदेशानुसार हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसैमा कानुन वमोजिम जग्गा नजोतेको मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्धारा जानकारी गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

# प्रभाव दैनिक

बुधबार, १३ वैशाख २०८० (Wednesday, April 26, 2023)


रूपशाला

### 'हल्कारा' को गीतमा प्रकाश सपुतको स्वर

वैशाख २९ गते रिलिज हुने फिल्म 'हल्कारा' को 'जीवन कठै बरी' गीत सार्वजनिक भएको छ । गीतमा गायक प्रकाश सपुत र गायिका देवी घर्तीको स्वर छ । गीत वैदेशिक रोजगारीले निम्त्याएको पीडालाई दर्साइएको छ । गाउँमा चिठ्ठी पुऱ्याउने एक हल्काराको माध्यमबाट वैदेशिक रोजगारीले नेपाली समाजमा पारेको प्रभावलाई फिल्मले कथा बनाएको छ । फिल्म पूर्ण 'कमर्शियल' रहेको निर्देशक सापकोटाले बताए । महेश त्रिपाठी, विनीता थापामगरको मुख्य भूमिका रहेको फिल्मका निर्देशक सापकोटाले लेखन तथा सम्पादन समेत गरेका हुन् । फिल्ममा महेश र बिनिताको अलावा शारदा गिरी, रोशनी कार्की, पशुपति राई, उमेश तामाङ्ग, विद्या कार्की, प्रकाश दाहाल, विष्णुभक्त अधिकारी, दीपक क्षेत्री लगायतको अभिनय छ ।




# 'प्रसाद २'लाई सकारात्मक प्रतिक्रिया



**काठमाडौं (प्रस)–** 'प्रसाद २' आगामी शुक्रवारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो । फिल्मको सोमबार कमलपोखरी स्थित बिगमुभिजमा प्रिमियर गरिएको छ ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, निर्देशक नरेश पौडेल, ज्ञानेन्द्र देउजा, प्रदीप भट्टराई, निर्माता कलाकार निर्मल शर्मा, रवीन्द्र सिंह बानिया, अभिनेत्री रेखा थापा, निर्देशक दिनेश डिसी, शोभित बस्नेत लगायत थुप्रै फिल्मकर्मी र रंगपत्रकारको प्रिमियरमा बाक्लो उपस्थिति रहेको थियो । प्रिमियरमा फिल्मलाई मिश्रित प्रतिक्रिया मिलेको छ । प्रिमियरमा सहभागी धेरैले कलाकारको अभिनयको तारिफ गर्दा कतिपयले पटकथा र प्रस्तुतीकरणमा समस्या देखाए । फिल्मको सङ्गीतले समेत तारिफ पायो ।

पत्रकार सुशील पौडेलको लेखन रहेको फिल्ममा राजेश श्रेष्ठको छायांकन, राजनराज सिवाकोटीको सङ्गीत तथा ब्याग्राउन्ड स्कोर रहेको छ । फिल्मका निर्माता सुवास थापा हुन् । कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले निर्देशक सुदर्शन थापा हरेक जनराका फिल्म उत्कृष्ट बनाउन सक्ने भन्दै 'प्रसाद २' राम्रो भएको प्रतिक्रिया दिए । अभिनेत्री रेखा थापाले पनि निर्देशक थापको कामको प्रशंसा गरिन् । उनले आफू निर्देशक सुदर्शन थापाको कामको सधैँ नै फ्यान भएको बताइन् ।

निर्देशक शोभित बस्नेत कलाकार अर्पण थापाको अभिनयको तारिफ गरे । फिल्ममा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा लगायतको अभिनय छ । फिल्म सुवास थापाले निर्माण गरेका हुन् ।

# राष्ट्रिय पुरस्कार र विशेष पुरस्कारका लागि आवेदन माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डले २३औं वार्षिकोत्सवका अवसरमा विभिन्न विधामा राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्नका लागि पछिल्ला दुई वर्ष रिलिज भएका नेपाली चलचित्रहरूको आवेदन माग गरेको छ । साथै, विशेष चलचित्रको प्रतिस्पर्धाका लागि पनि पछिल्ला दुई वर्षभित्र जाँचपास भएका नेपाली चलचित्रहरूको आवेदन माग गरेको छ ।

राष्ट्रिय चलचित्र पुरस्कारमा सहभागी हुन २०७८ साल वैशाख १ देखि २०७९ चैत मसान्तभित्र जाँचपास भई प्रदर्शनसमेत भएको हुनुपर्ने र विशेष चलचित्रको हकमा भने २०७८ वैशाख १ देखि २०७९ चैत मसान्तभित्र जाँचपास भएका चलचित्रहरूले सहभागिता जनाउन सक्ने बोर्डका प्रवक्ता केएल बुढाथोकीले बताए ।

आदिवासी, जनजाति एवं विभिन्न मातृभाषाका चलचित्रको हकमा भने उक्त समयसीमाभित्र जाँचपास मात्र भएको भए पनि राष्ट्रिय पुरस्कारमा सहभागी हुन सक्नेछन् । राष्ट्रिय पुरस्कारमा सहभागी हुन २०८० वैशाख ३० गतेभित्र र विशेष चलचित्रको प्रतिस्पर्धामा सहभागी हुन २०८० साल वैशाख २४ गतेभित्र आवेदन दिइसक्नुपर्नेछ । विभिन्न कारणले गत वर्ष पुरस्कार प्रदान तथा विशेष चलचित्र घोषणा हुन सकेको थिएन । यसपटकको राष्ट्रिय चलचित्र पुरस्कारमा दुई वर्षका चलचित्रहरूले एकसाथ प्रतिस्पर्धा गर्नेछन् भने विशेष चलचित्र दुई फरक वर्षका तीन-तीनवटा चलचित्रहरू गरी छवटा घोषणा हुनेछन् ।

'कला, संस्कृति, परम्परा, मानवीय संवेदना, मनोविज्ञान, राष्ट्रिय स्वाभिमान एवं कला र प्रविधिमा रचनात्मक प्रयोगसहित राष्ट्रियरूपमा योगदान पुऱ्याउन सक्ने चलचित्रहरूलाई प्रोत्साहन दिन विशेष चलचित्रको प्रतिस्पर्धा गरिएको हो', प्रवक्ता बुढाथोकीले भने । विशेष चलचित्र घोषणा हुने सबै चलचित्रहरूलाई अन्तर्राष्ट्रिय भाषामा सबटाइटलमा हुने खर्चस्वरूप प्रतिचलचित्र दुई लाख रूपैयाँ बोर्डले प्रदान गर्ने गर्दछ । साथै, विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सवहरूमा सहभागिताका लागि बोर्डले सहजीकरण गर्ने गर्दछ ।

उत्कृष्ट लेखन (कथा, पटकथा तथा संवाद), उत्कृष्ट छायांकन, उत्कृष्ट सम्पादन, उत्कृष्ट अभिनेत्री, उत्कृष्ट अभिनेता, उत्कृष्ट निर्देशक र उत्कृष्ट चलचित्रलाई राष्ट्रिय चलचित्र पुरस्कार प्रदान हुने गर्दछ । ती विधाहरूबाहेक निर्णायक समितिलाई अभूतपूर्व लागेमा बढीमा दुई विधामा समेत पुरस्कारका लागि सिफारिस हुने गर्दछ ।

# युरोपियन युनियन फिल्म फेस्टिभलको नयाँ संस्करण तीन सहरमा हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल युरोपियन फिल्म फेस्टिभलको नयाँ संस्करण तीन सहर र तीन चरणमा हुने भएको छ । काठमाडौंस्थित द डेलिगेसन अफ युरोपियन युनियन टु नेपालको लाजिम्पाटले आयोजना गरेको एक कार्यक्रममा नेपालस्थित युरोपेली युनियनको डेलिगेसनकी कार्यवाहक प्रमुख जोएल हिभोनेटले यो सालको फेस्टिभल नेपालका तीन सहरमा हुने जानकारी दिइन् ।

जोएलका अनुसार फिल्म महोत्सवको पहिलो चरण सुदूरपश्चिम विश्वविद्यालय महेन्द्रनगरमा यही वैशाख १५ देखि १७ (अप्रिल २८-३०) सम्म चल्नेछ । महेन्द्रनगरपश्चात् दोस्रो चरणमा फेस्टिभल वैशाख २०, २१ र २२ गते (मे ३-५) मध्यपश्चिम विश्वविद्यालय सुर्खेतमा आयोजना हुनेछ । फेस्टिभलको अन्तिम प्रर्दशनी काठमाडौंको चावहिलमा रहेको चलचित्र विकास बोर्डको हलमा वैशाख २९ देखि जेठ १ (१२-१५ मे) सम्म आयोजना हुनेछ । फेस्टिभलको यस संस्करणको मूल विषयवस्तु सबैका लागि मानव अधिकार उत्सव रहेको छ ।

सुदूरपश्चिम, मध्यपश्चिम र काठमाडौंमा आयोजना हुने महोत्सवमा युरोपका ख्यातिप्राप्त निर्देशकहरूले निर्देशन गरेका आठवटा फिल्मका साथसाथै नेपालका युवा फिल्म उत्पादकहरूले निर्माण गरेका छोटा फिल्महरू प्रदर्शन गरिनेछन् । महोत्सवकै दौरानमा युरोपियन युनियन नेपालले 'मानवअधिकार प्रबर्द्धनमा फिल्मको भूमिका' विषयक छलफल पनि आयोजना गर्नेछ । छलफलको सञ्चालन सञ्चार तथा मानवअधिकार विज्ञ प्रतिष्ठा कोइरालाले गर्नेछिन् ।

यस छलफलमा युरोपबाट चलचित्रकै विषयमा लेख्दै आएका स्टनिस्ल्यास इड सहभागी हुनेछन् । छलफलमा नेपालका चलचित्र निर्माता तथा निर्देशक अरुणदेव जोशी र फिल्म अध्ययनमा लामो अनुभव भएका डा. सचिन घिमिरे पनि सहभागी हुनेछन् । छलफल कार्यक्रम नेपाल चलचित्र विकास बोर्डको हलमा वैशाख ३० गते दिउँसो ३ देखि ४.३० सम्म सञ्चालन हुनेछ ।

अर्को छलफल 'चलचित्रलाई कसरी बुझ्ने ?' भन्ने विषयमा हुनेछ । यसको सञ्चालन चर्चित चलचित्र निर्माता तथा निर्देशक राजेश गोगजुले गर्नेछन् । गोगजु सन् २००० देखि चलचित्र निर्माण र शिक्षण पेशामा आवद्ध छन् र थुप्रै अवार्ड समेत प्राप्त गरेका छन् । यो छलफल सोही दिन अर्थात बैशाख १७ गते सुदूरपश्चिम विश्वविद्यालयको हलमा दिउँसो ११ देखि १२ बजेसम्म आयोजना हुनेछ ।

गोंगजुले यही विषय मध्यपश्चिम विश्वविद्यालयको हलमा वैशाख २० गते दिउँसो ३.४५ देखि ४.४५ सम्म पढाउनेछन् । सुदुरपश्चिम, मध्यपश्चिम र काठमाडौं तीनवटै ठाउँहरूको महोत्सवको सुरुमा ह्यामी रामेजनद्वारा निर्देशित 'एनी डे नाउ' भन्ने चलचित्रको प्रदर्शनीबाट हुनेछ । यो फिल्मले आप्रवासनको कथालाई प्रस्तुत गरेको छ र यो समकालीन समयको एउटा मुख्य मानवअधिकारको सवाल हो ।

महोत्सवमा प्रदर्शन हुने अन्य फिल्महरूमा अरस टी रिहानीले निर्देशन गरेका अस्कर एण्ड लीली (अष्ट्रिया), एण्ड्री बाग्नेले निर्देशन गरेका रमोना (स्पेन), दोनातो रोतुनले निर्देशन गरेका इयो स्टबने (लक्जेम्बर्ग, बेल्जियम, जर्मनी र इटली), जहाभी सन्जभीले निर्देशन गरेका इमादज चाइल्डहुड (स्विडेन, लाटभिया, इराक), इग्नस जोनासको निर्देशन गरेका इनभिजिबल (लिथुअनिया, लाटभीया, युक्रेन, स्पेन), डेभिड फ्रेनले निर्देशन गरेका डेटिङ्ग अम्बर (आयरल्याण्ड, युके) र डेभिड फ्रेनले निर्देशन गरेका मित्र (नेदरल्याण्डस्) रहेका छन् ।

यसैगरी महोत्सवमा टोनी ह्यागेन फाउण्डेशनको आर्थिक सहायतामा निर्माण भएका नेपाली फिल्महरू प्रदर्शन गरिनेछन् । जसमा अंकित खड्गीको निर्देशनमा बनेको आई वान्टेड टु बी लाइक माधुरी दीक्षित, विशाल रोक्का मगरको गोर्खा गर्ल र ग्रिष्म गिरीको ब्लुज अफ पिंक रहेका छन् ।

नेपाली युवा फिल्म निर्माताहरूका अन्य फिल्महरूमा मिन्शो लिम्बुको जुनको, सुनिल पाण्डेको बागथान, पुनम पौडेलको लिभिङ्ग विथ डिग्नीटी, दीपक रौनियारको फोर नाइटस् र दीपा श्रेष्ठको ड्रिफ्टिङ्ग क्लाउडस् रहेका छन् । महोत्सवको क्रममा देखाइने तीनवटा युरोपियन फिल्महरू एनीडे नाउ, मित्र र इमादज चाईल्डहुडमा नेपाली उपशीर्षक पनि हुनेछन् ।

## रंगशाला

एसिसी पुरुष प्रिमियर कप

# सेमिफाइनल समीकरण अझै अपूरो

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी एसिसी प्रिमियर कपको उपाधीका दाबेदार युएई, ओमान र हङकङ समूह चरणबाट नै बाहिरिने सम्भावना कायमै रहेको छ ।

उपाधीको दाबेदार नेपालले सेमिफाइनलमा स्थान पक्का गरिसक्दा अन्य तीन राष्ट्रको टुंगो लागि सकेको छैन । अन्य तीन स्थानमा साउदी अरेबिया, कुवेत तथा बहराइनले स्थान बनाउने सम्भावना कायमै रहेको छ ।

१० राष्ट्र सहभागी यस प्रतियोगितामा पाँच पाँच राष्ट्र गरि दुई समूहमा बिभाजन गरिएको थियो । समूह ए बाट नेपालले सेमिफाइनलमा स्थान पक्का गर्दा अर्को एक टोलीको टुंगो लाग्न बाँकी रहेको छ । अर्को एक टोलीका रूपमा ओमान र साउदीको सम्भावना रहेको छ ।

उता, समूह बी मा भने सेमिफाइनलमा स्थान बनाउने दुई टोलीकै टुंगो लाग्न बाँकी रहेको छ । दुई टोलीमा हङकङ,युएई,बहराइन र कुवेतको सम्भावना रहेको छ ।

समूह ए को बुधबार हुने खेलमा ओमान र साउदी अरेबिया भिड्दै छन् । यस खेलमा विजयी हुने टोली सेमिफाइनलमा पुग्नेछ । यदी बर्षा वा अन्य कारणबस दुई टोलीले अंक बाडेमा ओमान स्वत सेमिफाइनल पुग्नेछ । यसका साथै समूह ए बाट सेमिफाइनल पुग्ने टोलीको टुंगो लाग्नेछ ।

उता, समूह बी को समिकरण फरक रहेको छ । यस समूहबाट सेमिफाइनल सम्भावना भएका चार टोलीको एक एक खेल बाँकी रहेको छ। समूह बी अन्तर्गत बुधबार हुने युएई र बहराइनको खेलमा बहराइन विजयी भए युएईको बाहिरिने छ । तर, युएई विजयी भए उसले सेमिफाइनलमा स्थान पक्का गर्ने छ । र बहराइनको सेमिफाइनल प्रवेशको सम्भावना समाप्त हुनेछ । यदी वर्षा वा अन्य कारण दुई टोलीले अंक बाडेमा पनि बहराइनको सम्भावना सकिनेछ ।

बुधबार हुने खेलमा बहराइन विजयी भएमा समूह बी बाट सेमिफाइनल पुग्ने दुवै टोलीको टुंगो बिहिबार लाग्नेछ । बिहिबार यस समूहको अन्तिम खेलमा हङकङ र कुवेत भिड्ने छन् । यस खेलमा कुवेत विजयी भएर उसले सेमिफाईनलमा स्थान पक्का गर्नेछ । र, हङकङ समूह चरणबाट नै बाहिरिनेछ ।

बुधबार बहराइन विजयी र बिहिबार हङकङ पराजित भएमा दुवै टोलीको अंक बराबर हुनेछ । र, रनरेटमा अघि रहने टोलीले सेमिफाइनल प्रवेश गर्नेछ ।

यदी बुधबारको खेलमा युएई विजयी भएमा कुवेत र हङकङ बीचमा बिहिबार हुने खेलको विजेताले सेमिफाइनलमा स्थान बनाउने छ । युएई विजयी हुँदा कुवेत र हङकङबीचको खेलमा अंक बाडियो भने हङकङको सम्भावना रहेको छ । यो सम्भावना हेर्दा प्रतियोगिताको सुरुआतमा उपाधीका दावेदार मानिएकका हङकङ,युएई र ओमान समूह चरणबाट बाहिरिने सम्भावना रहेको छ ।

मेयर कप-२०८०

# एपिएफ र न्यु डायमण्ड सेमिफाइनलमा

■ प्रभाव संवाददाता



**ललितपुर–** 'मेयर कप-२०८० ' खुल्ला महिला तथा पुरुष भलिबलमा बिभागीय टिम नेपाल पुलिस क्लब समूह विजेता बन्दै सेमिफाईनल प्रवेश गरेको छ ।

महिलातर्फ समूह 'ए'को खेलमा आर्मीलाई हराउँदै नेपाल पुलिस समूह बिजेता बनेको हो । जावलाखेल भलिबल प्रशिक्षण केन्द्रमा मंगलबार भएको खेलमा पुलिसले आर्मीलाई ३-१ को सेटमा हरायो ।

पहिलो सेट २५-२० ले जितेको पुलिसले दोस्रो सेट २१-२५ ले गुमाएको थियो । तेस्रो र चौथो सेटमा २५-२१ र २६-२४ को जित निकाल्दै नेपाल पुलिस बिजेता बनेको हो ।

समूह 'ए' को खेलमा पुलिसले चार अंक जोड्यो । आर्मीले मात्र दुई अंक जोड्यो । कोटेश्वर बहुमुखी क्याम्पस अंक विहिन भयो । महिलातर्फको अर्को खेलमा ललितपुर महानगरपालिकाले परोपकार गर्ल्स होस्टेललाई ३-२ को सेटमा पाखा लगायो । ललितपुरले परोपकारलाई २६-२४, २५-१७, २३-२५, २८-३० र १५-१३ को सेटमा हरायो ।

पुरुषतर्फ बोगटी समाज ललितपुरले सुर्य बिनायक युथ क्लबलाई ३-२ को सेटमा हरायो। बोगटी समाज ललितपुरले सुर्य बिनायकलाई २१-२५, २५-२१, २७-२५, २२-२५, १५-१३ को सेटमा हराएको हो ।

अर्को खेलमा नेपाल पुलिस क्लबले नेपाल गणतान्त्रिक खेलकुदमाथि ३-० को सोझो सेटमा जित निकाल्यो । पुलिसले नेपाल गणतान्त्रिक खेलकुदमाथि २५-१७, २५-१७ र २५-१० को सेटमा हराएको हो ।

प्रतियोगितामा पुरुषतर्फ ८ टिम र महिलातर्फ ७ गरि १५ टिम सहभागी छन् । प्रतियोगिताको विजेता टिमले समान २ लाख, उपविजेताले १ लाख र तेस्रो हुनेले ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ट खेलाडीलाई जनही १० हजार र विधागततर्फको उत्कृष्ट खेलाडीलाई जनही ५ हजार रूपैयाँ प्रदान गरिने छ ।

# विनिताको शतकमा नेपालको जित



**पोखरा (प्रस)–** दोस्रो नेपाल-भारत दुई देशीय दृष्टिविहीन टी-ट्वान्टी महिला क्रिकेट सिरिजको पहिलो खेलमा नेपालले जिते निकालेको छ । पोखरा क्रिकेट मैदानमा मंगलबार विनिता पुनको पहिलो ऐतिहासिक अन्तराष्ट्रिय शतकमा नेपालले भारतलाई ८ विकेटले हराएको हो ।

टस हारेर ब्याटिङ गरेको भारतले २० ओभरमा ७ विकेट गुमाएर १७३ रन बनाएको थियो । भारतकी गंगावा निलप्पाले अविजित ७२ रन, सिमु दासले २६, दिपिका टि.सीले १६, वर्षा यूले १० र सुस्मा पटेलले ९ रन बनाइन् ।

जवाफमा नेपालले २ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा प्लेयर अफ द म्याच विनिताले ५७ बलमा अविजित रहदै १११ रन जोडिन् । उनी नेत्रहीन महिला क्रिकेटको इतिहासमा शतक बनाउने पहिलो खेलाडी बनेकी छन् । त्यसैगरी मनकेशरी चौधरीले ३२ रन, सरिता घिमिरेले अविजित २१ रन जोडिन् ।

# पोखरा स्पोर्ट्स अवार्डलाई सिटिजन फर्निचरको साथ

**पोखरा (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पोखरामा आयोजना गर्न लागेको सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' मा सिटिजन फर्निचर ट्रेड लिंक प्रालिले सघाउने भएको छ ।


पोखरा न्युरोडमा रहेको सिटिजनले अवार्ड कार्यक्रमको लागि ३५ हजार रूपैयाँ प्रदान गर्ने सम्झौता भएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए । सोमबार सिटिजन फर्निचरका सञ्चालकद्धय दीपक कार्की तथा गुरुदत्त पौडेल र मञ्चका अध्यक्ष दीननाथ बरालबिच सहयोग गर्नेबारे सम्झौता भएको हो । सम्झौता कार्यक्रममा मञ्चका सचिव शशीकुमार पौडेल, पूर्व सल्लाहकार सुर्दशन रञ्जित र सदस्य रोहितराज पराजुलीको उपस्थिती रहेको थियो । सिटिजन फर्निचरले तेस्रो मुलकुबाट आयातित अत्याधुनिक आकर्षक घरायसी तथा अफिसियल फर्निचर र फर्निसिङका सामान विक्रि गर्दै आएको छ ।

यसैगरी पोखरा १७ घारीपाटनमा रहेको आभ्या क्लबले १५ हजार रूपैयाँ, नेपाल हवाई खेलकुद संस्था (ना)ले ७ हजार रूपैयाँ र पोखरा ट्रेड मलमा रहेको क्लासिक चुलोले १० हजार रूपैयाँ बराबरको सहयोग प्रदान गर्ने सोमबारनै तय भएको अवार्ड कार्यक्रम मुल आयोजक समितिका सह-संयोजक समेत रहेका पौडेलले खुलाए । यहीं बैशाख २३ गते शनिबार दिउँसो २ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने छ ।

अवार्ड कार्यक्रमको मिति नजिकिदै गर्दा सहयोगीहरू जोडिने क्रम समेत बढ्न थालेका छन् । कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, अन्नपूर्ण, माछापुच्छ्रे, रूपा, मादी गाउँपालिकाले सघाउने भएका छन् । यसैगरी नेपाल भूतपूर्व खेलाडी मञ्च, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, पब्लिक टेलिभिजन, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, वल्ड लिंक, फुडमाण्डु, सहारा हङकङ, पश्चिमाञ्चल सामुदायिक अस्पतालले समेत सहयोग भएका छन् ।

यसका अलावा उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको मञ्चले जनाएको छ ।

# सुडान संकट: युद्धरत पक्ष युद्धविरामका लागि सहमत



**खार्तुम–** सुडानमा युद्धरत पक्षबीच युद्धविरामको सहमति भएको छ । संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र र्‍यापिड सपोर्ट फोर्सेस (आएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएका हुन् ।

सोमबार मध्यरातदेखि युद्धविराम लागू भएको छ। संघर्षरत दुवै पक्षले युद्धविराम पालना गर्ने प्रतिबद्धता जनाएका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले ४८ घण्टा लामो वार्तापछि सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स आरएसएफबीच सम्झौता भएको बताएका छन् ।

यही वैशाख २ गतेदेखि प्रारम्भ भएको द्वन्द्वमा ४०० भन्दा बढीको मृत्यु भइसकेको छ । जारी युद्धका कारण हजारौं घाइते भएका छन् भने ठूलो संख्यामा विदेशीहरू पलायन भएका छन् । यसअघिका युद्धविरामका प्रयास असफल भएका थिए ।

राष्ट्रसंघीय निकायहरूले ४२७ जना मारिएका तथा तीन हजार ७०० भन्दा बढी घाइते भएका जनाएका छन् । युद्धमा खार्तुमस्थित इजिप्सेली दूतावासका प्रशासन सहायक एक कर्मचारीको मृत्यु भएको इजिप्टको विदेश मन्त्रालयले पुष्टि गरेको छ । उनी घरफिर्तीको प्रक्रियामा सहभागी हुन दूतावास आउँदै गरेका बेला आक्रमणमा परेका हुन् । खार्तुमका सडकमा लाश यत्रतत्र छरिएका छन् ।

आरएसएफले युद्धविरामको उद्देश्य मानवीय संकट उत्पन्न हुन नदिन तथा देशवासीलाई आवश्यक स्वास्थ्य सेवाका साथै सुरक्षित स्थानसम्मको पहुँच सुनिश्चित गर्न तथा कूटनीतिक नियोगहरूलाई खाली गर्नु हो भनेको छ । प्रतिद्वन्द्वी समूह एसएएफले पनि आरएसएफले युद्धविराम पालना गरेमा आफूले पनि त्यसलाई मान्ने बताएको छ ।

हिंसा सुरु भएदेखि युद्धग्रस्त राजधानी खार्तुमका बासिन्दालाई घरभित्रै बस्न भनिएको छ । उनीहरू खाना र पानीको चरम अभाव झेलिरहेका छन् । बम विष्फोटले पानी आपूर्तिका पूर्वाधार क्षतविक्षत भएका छन् । सुडानीहरू नाइल नदीको पानी पिउन बाध्य भएका छन् । घोषित युद्धविरामले उनीहरूलाई सहरबाट सुरक्षित स्थानतर्फ जान सहज हुनेछ । विदेशी सरकारहरूलाई पनि आ–आफ्ना कूटनीतिज्ञ र नागरिकको उद्धार गर्न सजिलो हुने बताएका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सुडान हिंसाले देशको सम्पूर्ण क्षेत्र र छिमेकी भूभागमा निम्त्याउन विपत्तिको आगो फैलनसक्ने चेतावनी दिएका छन् । आइतबार रातिदेखि सुडानमा इन्टरनेट सेवा अवरुद्ध भएको छ । देशबाट हजारौं नागरिक छिमेकी देशमा पलायन भएका छन् भने करिब चार हजार विदेशीले सुडान छाडेका छन् । *रासस/एएफपी*

# म्यान्मामा तत्काल हिंसा अन्त्य गर्न आह्वान

**ब्यांकक–** संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव वानकी मुनले म्यान्मामा तत्काल हिंसा अन्त्य गरेका छन् । म्यान्माका उच्च सैनिक अधिकारीहरूसँगको आकस्मिक भेटमा उनले हिंसा अन्त्यका निम्ति आह्वान गरेका हुन् ।

पूर्वमहासचिव वानले सोमबार म्यान्माको राजधानी नेपिटोमा सैन्य सरकारका नेता, वरिष्ठ जनरल मिन आङ हि्लङ र अन्य उच्च अधिकारीसँग भेटवार्ता गरेर हिंसा रोक्न अनुरोध गरे । विश्वभर शान्ति स्थापना तथा मानवअधिकार रक्षाको प्रयासमा जुटेको वरिष्ठ व्यक्तिहरू संलग्न समूहका तर्फबाट उनले सैन्य अधिकारीहरूलाई उक्त अनुरोध गरेका समूहले मंगलबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । पूर्वमहासचिव वान उक्त समूहका उपाध्यक्ष हुन् ।

म्यान्माको वर्तमान वस्तुस्थिति बुझ्न पूर्वमहासचिव वान म्यान्मा पुगेका थिए । सोमबार राति नेपिटोबाट ब्यांकक उडेका उनले त्यहाँ रहँदा सैन्य अधिकारीहरूसँग सेना र प्रजातन्त्र पक्षधरहरूबीचको हिंसा रोक्नुपर्नेमा जोड दिएको विज्ञप्तिमा उल्लेख छ । *रासस/एपी*

## काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित: २०८०/०१/१३ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ११२ थान गोलिया ६९३.०५ क्यु.फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र २१ औ दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया बेलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली

## काठ बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना

प्रथम पटक प्रकाशित: २०८०/०१/१३ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/२०८० मा संकलन गरी समूहको घाटगद्दीमा भएको खयर काठ यस समूहका उपभोक्ताहरुलाई/ छिमेकी समूहका उपभोक्ताहरुलाई खपत नहुने हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको खयर ४९ थान गोलिया ५०४.०९ क्यु. फिट काठ सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र यस सा.ब.उ.स. कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र २१ औं दिन ३:०० बजे भित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धी सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री धाइया सलानी सामुदायिक वन उपभोक्ता समूह**
गोदावरी नगरपालिका-१०, कैलाली


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PADRA CLINIC

पूर्व स्वीकृति मिति २०८०/०१/१२ | LT. No. 285290 | चलानी नं. ६०२००७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 5 | 450 | १९२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARES CORPORATION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०७९/१०/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No.280657 | चलानी नं. ६०१९६१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 1 | 0 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHINHWA TECHNOLOGIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०१/११ | LT. No. 285257 | चलानी नं: ६०२००६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 10 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Govt. License 776/065/066
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAMOSA BUFFET TIME TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/१०/१७ | LT. No. 280322 | चलानी नं. ६०१९८४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preservation Labour | 2 | 0 | 1200 | ४१,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,९३५ | | | | | | | |

कम्पनी : WAREED AL HAYAT TRADING EST

पूर्व स्वीकृति मिति २०७९/११/०२ | LT. No. 280998 | चलानी नं. ६०१९७१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४१,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LIFE VEIN TRADING EST

पूर्व स्वीकृति मिति २०७९/११/०२ | LT. No. 280997 | चलानी नं. ६०१९८४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1200 | ४१,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADAF TRADING & CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृति मिति: २०८०/०१/०७ | LT. No. :285075 | चलानी नं.६०२००४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1600 | ५६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAYEF MESHAAL MABROUK AL-KARIBANI AL-AZMI AND PARTNERS CO

पूर्व स्वीकृति मिति: २०८०/०१/०७ | LT. No. :285074 | चलानी नं.६०२००४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १९ गते (2nd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 285075/285074 मिति: २०८०/०१/१२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Al Faraz International Overseas Pvt. Ltd**
Govt. License 1553/079/80
Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTRALINK TECHNO SND. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/१२ | LT. No. : 270776 | चलानी नं.: ६०१८८२०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 22 | 0 | 1500 | ४४,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख २० गते (3rd May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९५०० | प्रति तोला – १०९००० | प्रति तोला – १४२० |



**सूर्यमुखी फुल्यो** | शुक्लाफाँटा-३ पिपलाडीका किसानको खेतमा फुलेको सूर्यमुखी फूल । तोरीको विकल्पका रूपमा किसानले सूर्यमुखीको खेती गर्ने गरेका छन् ।

*तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

## 'अर्थतन्त्र सुधारका लागि सत्ता र प्रतिपक्षको भाव नबोकौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसद धनराज गुरुङले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सत्तापक्ष र प्रतिपक्षले एकबताबद्ध भएर सामूहिक प्रयत्न गर्नुपर्ने बताएका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उनले मुलुक आर्थिक महासंकटमा परेकाले यस्तो अवस्थामा सबैले आ-आफ्नो तर्फबाट सहयोग गर्नुपर्ने बताए ।

'सत्ता र प्रतिपक्षको भाव बोकेर होइन, एक ठाउँमा बसेर काम गर्नुपर्छ', उनले भने, 'समाधानको उपाय खोज्नुपर्छ, पुँजीगत खर्च कटौती गर्न खोजिएको आभाष भएको छ, पुँजीगत खर्च कटौती गरेर मुलुकलाई उभोगतितर्फ लैजान सकिँदैन ।'

वन व्यवस्थापन कार्यविधि बनाएर वन जङ्गलमा रहेका पुराना काठ बिक्री गरेर भए पनि अर्थतन्त्रलाई टेवा दिनुपर्ने जनाउँदै उनले नेपालमा उपलब्ध निकासीजन्य वस्तुलाई यो अवस्थामा प्रयोग नगरे कहिले गर्ने ? भन्दै प्रश्न गरे । भ्रष्टाचार मुलुकको आर्थिक समृद्धिमा बाधक रहेको भन्दै सांसद गुरुङले भ्रष्टाचार नियन्त्रणमा ध्यान दिन सरकारसँग आग्रह गरे ।

सांसद भीमप्रसाद आचार्यले नेपालको संविधानले तीन खम्बे अर्थनीतिको परिकल्पना गरेको भन्दै सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरकारले ध्यान दिन नसकेको बताए । रूपान्तरणकारी आयोजनाको निर्माण गर्न तोकिएको भन्दा धेरै समय लाग्दा राजस्व सिर्जनाको वातावरण नबनेको भन्दै उनले त्यस्ता परियोजना समयमै सम्पन्न गर्न ध्यान दिनुपर्ने बताए ।



सांसद महेन्द्रबहादुर शाहीले मुलुकका बारेमा सदनदेखि सडकसम्म वहस भइरहँदा दिनप्रतिदिन अवस्था खस्किरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । सङ्घीय व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सङ्घीय ऐन बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै उनले निजामती, प्रहरीलगायत विधेयक तत्काल संसद्मा ल्याउन माग गरे ।

उनले भने, 'संसद् भाषणवीरहरू जन्माउने थलोको रूपमा विकास हुँदैछ । तर यहाँ चाहिएको काम हो । संसद् प्रभावकारी बनाउन समितिको गठन तत्काल हुनुपर्छ । संसद् 'विजनेसविहीन' भएको छ । निजामति, प्रहरी र प्राकृतिक साधन स्रोत बाँडफाँडसम्बन्धी विधेयक पेश गर्न जरुरी छ ।'

सांसद अशोककुमार चौधरीले बाध्यकारी वैदेशिक रोजगारीलाई अन्त्य गरी स्वदेशमा रोजगारी सिर्जना गर्नुपर्ने बताए । श्रम बेचेर कहिलेसम्म देशको अर्थतन्त्र धान्ने हो भन्दै उनले रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याउन माग गरे ।

सांसद विक्रम पाण्डेले चितवनका जनताले बर्सेनि बाढीको जोमिख व्यहोर्दै आएकाले नारायणी तथा राप्ती नदीको तटबन्ध कार्यक्रमलाई छिटो सम्पन्न गर्न आग्रह गरे । उनले आउने वर्षामा पश्चिम चितवन र माडी जोखिममा रहेकाले समयमै साधन स्रोतको व्यवस्था गरी आधुनिक तटबन्धन गराउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद रेखा यादव देशको पहरेदार भएर काम गरिरहेका सुरक्षाकर्मीलाई तत्काल तलब दिन सरकारसँग माग गरे । उनले सांसदको तलब प्रहरीलाई दिन र प्रहरीको तलब आफूहरूलाई दिन प्रस्ताव गरे ।

सांसद भानुभक्त जोशीले नेपाल कृषिप्रधान मुलुक भए पनि खाद्य सामग्री विदेशबाट आयात भएको, उत्पादनमा संलग्न हुनुपर्ने युवा जनशक्ति विदेशिएको अवस्थामा आगामी वर्षको बजेट निर्माण गर्दा सांसद र विज्ञसँग छलफल गर्न आग्रह गरे ।

सांसद विनिताकुमारी सिंहले सिरहाको लक्ष्मीपुरमा रहेका प्राचीन पोखरीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयको ध्यानकर्षण गराए । सांसद सर्वेन्द्रनाथ शुक्लाले सरकारले पाँच वर्षमा कृषि उत्पादन दोब्बर गर्ने लक्ष्य लिएको भए पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सो लक्ष्य पूरा गर्ने गरी काम गर्न नसकेको बताए ।

सांसद लालवीर चौधरी थारु समुदाय सिकलसेल एनिमियालगायत रोगबाट प्रभावित रहेकाले सो रोगको उपचार तथा नियन्त्रणमा ध्यान दिन आग्रह गरे । सांसद प्रेम सुवालले किसानलाई समयमै मल उपलब्ध गराउन माग गरे ।

## 'ठेक्का तोड्नेभन्दा निर्माण कम्पनीलाई नै जिम्मेवार बनाइनेछ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले निर्माणमा ढिलाइ भएका योजनामा सकेसम्म ठेक्का तोड्नेभन्दा निर्माण कम्पनीलाई नै जिम्मेवार बनाएर काम सम्पन्न गराउन लागिने बताएका छन् ।

मन्त्रालयमा आयोजना गरिएको पूर्वाधार क्षेत्रमा कार्यरत पत्रकारसँगको भेटघाट कार्यक्रममा उनले ठेक्का तोड्ने मात्रै महत्त्वपूर्ण काम नभएको बताएका हुन् । एउटा ठेक्का तोडिएपछि अर्को ठेक्कामार्फत काम अघि बढाउन उत्तिकै झन्झटिलो हुँदा काम गरिरहेको कम्पनीमार्फत सम्पन्न गर्न लाग्नुपर्ने उनको भनाइ थियो । भारतीय लगानीका योजनामा समस्या आएको कुरा आएकाले त्यसबारे छलफल भएको मन्त्री ज्वालाले बताए । उनले भने, 'सकेसम्म काम गराउने र नसके मात्रै तोडेर जान सकिन्छ ।'



आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि बुटवल-नारायणगढ र मुग्लिन-पोखरा सडकको अनुगमन गरेको र त्यहाँको अवस्थाबारे स्थलगतरूपमा बुझेको मन्त्री ज्वालाले बताए ।

केही समय पहिले नेपालमा उत्पादन भएका सवारीसाधन दर्तामा समस्या रहेको समाचार मिडियामा आएकाले तत्काल समाधानका लागि पहल गरेको उनले बताए । उनले भने, 'त्यसबारे थाहा पाएकै दिनमा यातायात विभागसँग छलफल शुरु गरेको थिएँ ।'

मन्त्रालयले देशभर रहेका सडकमध्ये कुनकुन कसको कार्य क्षेत्रमा पर्छन् भनी वर्गीकरण गर्न सुरु गरेको छ । मन्त्रालयका सहसचिव अर्जुनजङ्ग थापाको नेतृत्वमा सडकको वर्गीकरण सुरु गरिएको मन्त्री ज्वालाले जानकारी दिए । अहिले सडक तीन तहका सरकारअन्तर्गत मात्रै नभएर सङ्घीय सरकारअन्तर्गत सडक फरक मन्त्रालयअन्तर्गत रहेका छन् । उनले भने, ' अहिले कुन सडक कसको क्षेत्रमा पर्छ भन्ने स्पष्ट नहुँदा कतै सडक अलपत्र छन् भने कतै दोहोरो योजना परेको छ ।'

यातायातका क्षेत्रमा धेरै गुनासो रहेकाले सुधारका लागि विभिन्न पहल सुरु गरिएको मन्त्री ज्वालाले बताए । चालक अनुमतिपत्र छपाइमा रहेको ढिलाइ हटाउन लागिएको र इम्बोस्ड नम्बर प्लेट नेपालीमा छापिने गरी तयारी अघि बढाइएको उनले जानकारी दिए । मन्त्रालयले अहिले चालक अनुमतिपत्र नवीकरण पाँच/पाँच वर्षमा भइरहेकामा कानून संशोधन गरेर १०/१० वर्षमा गर्ने योजना अघि बढाएको छ ।

मन्त्रालयको ५४/५५ अर्ब बजेट कटौती भए पनि भएको बजेटबाट सक्दो काम गरिने उनले बताए । उनले भने, 'बजेट कटौती हुँदा हाम्रो जाँगर, उत्साहमा असर गरे पनि भएको बजेटलाई प्राथमिकीकरण गरेर खर्च गरिनेछ ।'

मन्त्रालयका सचिव केशवकुमार शर्माले राष्ट्रिय गौरवका हुलाकी, मध्यपहाडीलगायत सडक योजनाको लक्षित समय बढाउनुपर्ने बताए । वैशाखमा वा त्योभन्दा पहिले भएको कामको पनि असारमा भुक्तानी हुने गरेकाले मिडियाले काम नै वर्षाको समयमा भएको रूपमा बुझ्न नहुने बताए । उनले भने, 'असारको हिलोमा काम गर्दा मिडियाले हामीलाई भन्नुपर्छ तर भुक्तानी गर्न मात्रै ढिलाइ हुँदा बुझ्नुपर्छ ।'

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से)को परिसूचक मंगलबार दोहोरो अंकले बढेको छ । नेप्से परिसूचक १७ दशमलव ३६ अंकले बढेर एक हजार नौ सय पाँच दशमलव ६८ को विन्दुमा पुगेको हो ।

दुई सय ६५ वटा कम्पनीको २७ लाख पाँच सय ७० कित्ता सेयर २७ हजार सात सय ६६ पटक खरिदबिक्री हुँदा रु ८८ करोड ५५ लाख ७८ हजार बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव एक अंकले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ ।

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलाऔं
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## किमाथाङ्का नाका बन्द भएपछि खाद्यान्न अभाव

■ प्रभाव संवाददाता

**संखुवासभा–** संखुवासभाको उत्तरी क्षेत्र भोटखोला गाउँपालिकामा खाद्यान्न अभाव भएको छ । कोरोना महामारीका कारण देखाउँदै चीन सरकारले किमाथाङ्का नाका तीन वर्षअघि बन्द गरेको थियो । नाका बन्द भएपछि चीनतिर बाट खाद्यान्न आयात हुन नसक्दा भोटखोलामा खाद्यान्न अभाव भएको गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले जानकारी दिए ।

भोटखोलामा आलु, कोदो, मकै र फापर मात्र उत्पादन हुन्छ । उत्पादित खाद्यान्नले अधिकांश स्थानीयवासीलाई तीन महिना मात्र खान पुग्ने गरेको छ । सदरमुकाम खाँदबारीबाट किमाथाङ्का नाका करिब एक सय ६२ किलोमिटर टाढा पर्दछ । किमाथाङ्काका स्थानीयवासी दैनिक रोजगारीका लागि पनि विगतमा पारिका चाँगा र देन्दाङसम्म जाने गरेका थिए । त्यो पनि अहिले बन्द हुँदा ज्याला मजदुरी गरी खानेलाई मर्का परेको छ । करिब छ हजारको बसोबास रहेको यो क्षेत्रमा स्थानीय उत्पादनले तीन महिना पनि धान्दैन । किमाथाङ्का, चेपुवा, छुम्सुर रिदाक, थुदामलगायत गाउँका लागि चामलगायत दैनिक उपभोग्य सामग्री किनमेल गर्ने प्रमुख बजार चीनको चाँगा र देन्दाङ हो ।

### ९१ घर परिवारलाई राहत वितरण

खाद्यान्न अभाव भएपछि कोशी प्रदेश सरकार र विभिन्न सङ्घ संस्थाको सहयोगमा वडा नम्बर १ र २ का ९१ परिवारलाई राहत वितरण गरिएको गाउँपालिका अध्यक्ष भोटेले बताए । खाद्यान्न अभाव भएका थुदाम, रिदाक र छुमुसुरका ९१ घर परिवारलाई राहत वितरण गरिएको उनको भनाइ छ ।

कोशी प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रलयबाट ९० क्विन्टल चामल प्राप्त भएको थियो । हाइ हिमालयन एक्सपिपडिसन प्राइभेट लिमिटेडका मेनेजिङ डाइरेक्टर ज्याम्याङ सालाका भोटेले रु एक लाख २० हजार, द इस्ट फाउण्डेशन संस्थाबाट रु २० हजार र नेल्होस नेपाल संस्थाबाट रु ३० हजार सहयोग प्राप्त भएको अध्यक्ष भोटेले बताए ।

पालिका अध्यक्ष भोटेले उक्त क्षेत्रमा उत्पन्न भएको खाद्यान्न संकट समाधान गर्न थप राहतका लागि जिल्ला विपत् व्यवस्थापन समितिको सिफारिससहित पाँच सय क्विन्टल चामल कोशी प्रदेश सरकारसँग माग गरिएको जानकारी दिए । उनका अनुसार सदरमुकाम खाँदबारीबाट भरिया र खच्चडमा पुऱ्याइने खाद्यान्न सामग्री अचाक्ली महँगो भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ